

> जुन काम तिमी आज गर्न सक्छौ, त्यसलाई कहिल्यै भोलिका निम्ति नछोड ।
> • वेन्जामिन फ्रेंकलिन


लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

वर्ष २४, अंक २५५ बिहीबार १५ फागुन २०८१, नेपाल संवत् ११४५ | RAJDHANI Nepali National Daily | Thursday 27 February 2025 | पृष्ठ : ८ | मूल्य रु. १०/-







## हेडलाइन


विकासमा फड्को मार्दै भोजपुर



पृष्ठ ३

ग्रामीण विकासका चुनौती र अवसर



पृष्ठ ४

यस्तो छ, राजेन्द्र महतोको निष्कर्ष



पृष्ठ ५

राष्ट्र बैंकले खिच्यो ३० अर्ब रुपैयाँ तरलता




पृष्ठ ६

सार्वजनिक ऋण थपिएर जीडीपीको ४५ प्रतिशत माथि




पृष्ठ ७

पेरिस हिल्टन जेमा पनि फिट



पृष्ठ ८


## • महाशिवरात्रिका दिन पाशुपत क्षेत्र



महाशिवरात्रिको दिन बुधबार विश्व सम्पदामा सूचीकृत काठमाडौं पाशुपत क्षेत्रको दृश्य । महाशिवरात्री अथवा शिवरात्री हिन्दू धर्मावलम्बीको महान् पर्व हो । भगवान् शिवको उत्पत्ति भएको रातबाट नामाकृत यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुखमध्ये पवित्र पर्वका रूपमा विभिन्न पुराणमा वर्णित छ । फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई सम्पूर्ण दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीका हृदयमा धर्मको उदय गराउने आशुतोष (छिट्टै खुसी हुने) भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइने गरिन्छ । (फोटो फिचर पृष्ठ २ मा)

तस्बिर : द्वारिका काफ्ले/राजधानी

# २ खर्ब रुपैयाँको कृषिजन्य वस्तु आयात

## • ३६ अर्ब ३५ करोड रुपैयाँबराबरको खाद्यान्न भित्रियो

**राजधानी समाचारदाता**
काठमाडौं, १४ फागुन



चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा सात महिनामा करिब २ खर्ब रुपैयाँभन्दा बढीको कृषिजन्य वस्तु विदेशबाट आयात भएको छ । भन्सार विभागको तथ्यांकअनुसार सात महिनाको अवधिमा ६६ अर्ब २० करोड रुपैयाँबराबरको जनावर र वनस्पतिजन्य बोसो तथा तेल आयात भएको छ। भन्सार विभागका अनुसार ३६ अर्ब ३५ करोड रुपैयाँबराबरको खाद्यान्न आयात भएको छ। २५ अर्बको तरकारी, ५ अर्ब ४८ करोड रुपैयाँको आलु, २ अर्ब १३ करोडको प्याज, ६ अर्ब ८१ करोडको लसुन, ३ अर्ब ९७ करोडको दाल, १२ अर्ब ३२ करोडको फलफूल, १६ अर्ब ४२ करोडको कृषिजन्य औद्योगिक कच्चा पदार्थ, ५ अर्ब ४९ करोडको चिया, कफी, दुई अर्ब ६१ करोडको चिनी तथा चिनीजन्य कन्फेक्सनरी आयात भएको विभागले जनाएको छ । स्वदेशमा उत्पादन हुने वस्तुसमेत विदेशबाट आयात भइरहेको छ । सात महिनामा करिब २ खर्ब रुपैयाँभन्दा बढीको कृषिजन्य वस्तु विदेशबाट आयात भएको भन्सार विभागको तथ्यांक रहेको छ । चालू आवको ७ महिनामा २९ अर्ब ४५ करोड रुपैयाँबराबरको डिजेल आयात भएको छ । यसैगरी, २४ अर्ब ५८ करोड रुपैयाँबराबरको पेट्रोल आयात भएको छ भने ६ अर्ब ६१ करोड रुपैयाँबराबरको एलपी ग्यास आयात भएको छ ।

त्यस्तै, ५ अर्ब ५० करोड रुपैयाँबराबरका विद्युतीय सवारीसाधन र ५ अर्ब ४३ करोड रुपैयाँबराबरका अन्य सवारीसाधन आयात भएका छन् । चालू आव २०८१/८२ को सात महिनामा ५ अर्ब रुपैयाँबराबरका ल्यापटप आयात भएको छ । चालू आवको माघसम्म ५ अर्ब १८ करोड ७८ लाख रुपैयाँबराबरका ल्यापटप र नोटबुक आयात भएको भन्सार विभागले जनाएको छ । विभागका अनुसार ७५ हजार ७ सय ३९ वटा ल्यापटप र नोटबुक आयात हुँदा सरकारले ९८ करोड ५१ लाख रुपैयाँ बढी राजस्व उठाएको छ ।

बाँकी पृष्ठ २ मा

# नेपालको 'उपाधि सपना' १३औं पटक चकनाचुर

**नवीन लुईटेल/राजधानी**
काठमाडौं, १४ फागुन

चार देश सम्मिलित अन्तर्राष्ट्रिय महिला फुटबल च्याम्पियनसिपको फाइनलमा नेपाल पराजित भएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा उपाधिका लागि बुधबार साँझ सम्पन्न प्रतिस्पर्धामा नेपाल म्यानमासँग २-० गोलअन्तरले पराजित हुन पुगेको हो । यससँगै नेपाल १३औं पटक फाइनलमै पराजित भएको छ। अन्तर्राष्ट्रिय प्रतियोगितामा उपाधि जितेर विगतमा १२ विभिन्न प्रतियोगितामा फाइनलमा पराजित भएको पीडाको मलहम लगाउने अवसर घरेलु मैदानमा पनि नेपालले गुमाउन पुग्यो । म्यानमाका लागि खेलको ६२औं मिनेटमा साढे १५ हजार दर्शकसामु नोपो खिनेले सुरुवाती गोल गरिन् । १ गोलको अग्रता लिएर हौसिएको म्यानमाका लागि लगत्तै २ मिनेटपछि कप्तान विन तुनले दोस्रो गोल गरिन् । खेलको ७०औं मिनेटमा नेपाली खेलाडी रश्मिकुमारीको शसक्त प्रहार म्यानमाकी गोलकिपर मियो म्याम्याले बचाइन् । खेलको ८२औं मिनेटमा प्रीती राईको लामो सट म्यानमाकी किपरले रोकिन्। उनले रोक्ने क्रममा फुत्किएको बल सबिता राना मगरले भेट्टाउन नसक्दा गोलको अवसर नेपालले खेरफाल्यो ।



यसअघि ५५औं मिनेटमा नेपालले अर्को गोलको अवसर खेरफाल्यो । विमला विकको पासमा सावित्रा भण्डारी 'साम्बा'ले गरेको हेड दोस्रो पोल नजिकैबाट बाहिरियो । पहिलो हाफमा दुवैतर्फबाट गोलका प्रयास भएका थिए। १०औं र २०औं मिनेटमा म्यानमाकी योन वादीले गरेको प्रहार नेपाली गोलकिपर एन्जिला तुम्बापो सुब्बाले उत्कृष्ट बचाउ गरिन् ।

बाँकी पृष्ठ ५ मा

# परीक्षा आउन आँट्यो, तर अझै आएन किताब

**भगीरथ भण्डारी/राजधानी**
इलाम १४, फागुन

स्थानीय कला, संस्कृति, सम्पदा, परम्परा, ज्ञान, सीपलाई समेट्ने भन्दै इलाम नगरपालिकाले कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम बनायो । पाठ्यक्रममा पालिकाको राजनीतिक, भौगोलिक, प्राकृतिक, सामाजिक, ऐतिहासिक तथा धार्मिक सम्पदा परिचित गराउने विषय समावेश गऱ्यो । तर, शैक्षिक सत्रको अन्त्यमा पनि विद्यार्थीलाई पुस्तक वितरण गर्न सकेको छैन । 'इलामको सेरोफेरो' नामको पाठ्यपुस्तक छाप्ने र चालू शैक्षिक सत्रको सुरुदेखि नै लागू गर्ने निर्णय गरेको इलाम नगरपालिकाले शैक्षिक सत्र सकिने समयसम्म पनि पाठ्यपुस्तक तयार गर्न नसकेको हो । शिक्षकले पाठ्यक्रमका आधारमा विद्यार्थीलाई पठनपाठन गराइरहेका छन्। यसै शैक्षिक सत्रको अन्तिम परीक्षा आउनै लाग्दा पाठ्यक्रमअनुसारको पाठ्यपुस्तक नपाउँदा विद्यार्थी भने के पढ्ने ? कसरी परीक्षा दिने ? भन्ने अन्योलमा छन् ।

शिक्षकले पढाएको कुरालाई मात्र विद्यालयमा बुझेर उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीको गुनासो छ ।




नगरपालिकाले पाठ्यपुस्तक बनाएर विद्यालयमा पुऱ्याउन नसक्दा शिक्षकले पढाएका आधारमा मात्र कसरी परीक्षामा राम्रो अंक ल्याउन सकिन्छ भन्ने चिन्तामा विद्यार्थीहरू रहेका छन् । कक्षा ६ देखि ८ सम्म पढाइ भइरहेको पर्यटन नामक स्थानीय पाठ्यपुस्तक हटाएर कक्षा १ देखि ८ सम्म 'इलामको सेरोफेरो' नामक पाठ्यक्रम तयार बनाए पनि पुस्तक दिन नसक्दा शिक्षकले भनेकै भरमा परीक्षा दिनुपर्दा विद्यार्थी चिन्तित छन् ।

स्थानीय पाठ्यक्रम लागू गर्ने भनेर सुरु गरे पनि अहिलेसम्म पाठ्यपुस्तक छाप्न सकेको छैन । परीक्षाको मुखमा विद्यार्थीको हातमा पुस्तक छैन। पुस्तकबिना पढाइ कसरी प्रभावकारी होला र ? भन्ने प्रश्नको जवाफमा सबै विद्यालयमा शिक्षकहरूले पाठ्यपुस्तकबिनै कक्षा सञ्चालन गरेका छन्, त्यसकै आधारमा विद्यार्थीले परीक्षा दिनुपर्ने बाध्यता रहेको शिक्षक बताउँछन्। शैक्षिक सत्रको अन्तिममा आइपुग्दा कक्षा १ देखि ३ सम्मको बाहेक पाठ्यपुस्तक तयार हुन सकेको छैन ।

बाँकी पृष्ठ २ मा


व्यक्तिगत विवरण सुरक्षित राखौं, साइबर अपराधबाट जोगिऔं

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

कम्प्युटर, मोबाइल र इन्टरनेट प्रयोग गर्दा:

बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रूपमा परिवर्तन गर्नुहोस्।

अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिंक नखोल्नुहोस्।

आफ्ना व्यक्तिगत विवरणहरू (ओटीपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई सेयर नगर्नुस्, सुरक्षित राख्नुहोस्।

अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिनुस्।

ह्वाट्स एप, इमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाउनुस्। त्यस्ता कल पटक पटक आए ब्लक गर्नुहोस्।

# शिव आराधना
## पाशुपत क्षेत्र














## सेवाको कदर



महाशिवरात्रि तथा २६२औं सेना दिवसका अवसरमा बुधबार काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहमा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदीलाई प्रधानसेनापति प्रशंसा निशान प्रदान गर्दै प्रधानसेनापति अशोकराज सिग्देल। नेपाली सेनाले नेपाल प्रहरीमा प्रहरी अतिरिक्त महानिरीक्षक कुवेर कडायत, प्रहरी वरिष्ठ उपरीक्षकद्वय प्रभु ढकाल र गोपालचन्द्र भट्टराई तथा सशस्त्र प्रहरीतर्फ सुवेदीका अलावा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक नरेन्द्र बम र सशस्त्र प्रहरी उपरीक्षक जीवन केसीलाई यो प्रशंसा निशान प्रदान गरेको थियो। नेपाली सेनाले सेना दिवसका अवसरमा अन्य सुरक्षा निकायका 'इन्फेन्ट्री'तर्फ पहिलोपटक प्रशंसा निशान प्रदान गरेको हो। **तस्बिर : राजधानी**

पृष्ठ १ बाट क्रमशः

### २ खर्ब...

गत आव २०८०/८१ को सोही अवधिमा ४ अर्ब ४२ करोड रुपैयाँका ल्यापटप र नोटबुक आयात भएको विभागको तथ्यांकमा उल्लेख छ। गत वर्ष ६८ हजार ५ सय ३९ वटा ल्यापटप आयात हुँदा ६० करोड रुपैयाँ राजस्व संकलन भएको थियो।

गत वर्षको तुलनामा आयात ७६ करोड ५४ लाख २४ हजार रुपैयाँले बढेको छ। साथै, गत वर्षको तुलनामा ७ हजार २ सयवटा भन्दा बढी ल्यापटप र नोटबुक आयात भएको छ। गत वर्षको तुलनामा आयात १७ दशमलव ३० प्रतिशतले बढेको हो। नेपालमा विशेषगरी ३६ वटा देशबाट ल्यापटप र नोटबुक आयात हुने गरेको विभागको तथ्यांकमा उल्लेख छ। यस वर्ष सबैभन्दा धेरै चीन, मलेसिया, भारत र सिंगापुरजस्ता देशबाट आयात भएको छ।

चीनबाट मात्रै ४ अर्ब ९५ करोड रुपैयाँको ल्यापटप आयात भएको छ। यसैगरी, मलेसियाबाट १० करोड र भारतबाट १ करोड ४५ लाख रुपैयाँको आयात भएको विभागले जनाएको छ। चालू आवको माघसम्म ३२ करोड ४२ लाख रुपैयाँको ट्याबलेट आयात भएको विभागको तथ्यांकमा उल्लेख छ। १३ हजार ९ सय ९३ वटा ट्याबलेट आयात हुँदा सरकारले ६ करोड रुपैयाँ बढी राजस्व संकलन गरेको छ।

गत वर्षको सोही अवधिमा २६ करोड ७७ लाख रुपैयाँबराबरको ट्याबलेट आयात भएको थियो। गत वर्षको तुलनामा आयात ५ करोड ६४ लाख ९३ हजार रुपैयाँले बढेको छ। विभागका अनुसार गत वर्षको तुलनामा आयात २१ दशमलव १० प्रतिशतले बढेको हो।

यस वर्ष नेपालमा २० वटा देशबाट ट्याबलेट आयात भएको छ। सबैभन्दा धेरै चीन, भियतनाम, अमेरिका र भारतजस्ता मुलुकबाट आयात भएको छ। चीनबाट ३१ करोड ५० लाख रुपैयाँ बढीको आयात भएको छ। साथै, भियतनामबाट २९ लाख र अमेरिकाबाट २२ लाख रुपैयाँबराबरको ट्याबलेट आयात भएको विभागले जनाएको छ।

चालू आव २०८१/८२ को सात महिना अवधिमा ११ करोड ४५ लाखवटा स्यानिटरी प्याड आयात भएको छ। भन्सार विभागका अनुसार सो परिमाणबराबर प्याड आयात गर्दा ८० करोड ८१ लाख रुपैयाँ बिदेसिएको छ। सरकारले यस अवधिमा स्यानिटरी प्याडबाट मात्र १५ करोड २२ लाख रुपैयाँबराबर राजस्व उठाएको छ। यस अवधिमा डाइपर आयातमा भने १ अर्ब ३८ करोड ७५ लाख रुपैयाँ बिदेसिएको छ। सात महिनामा ९ करोड ५४ लाख ७२ हजार वटा डाइपर आयात भएको तथ्यांक छ। भन्सार विभागका अनुसार माघसम्म ९ खर्ब ८८ अर्ब ५८ करोड रुपैयाँबराबरको वस्तु आयात भएको छ। गत आवको माघसम्म ८ अर्ब ९७ अर्ब ९४ करोड रुपैयाँबराबरका वस्तु आयात भएको थियो।

### परीक्षा आउन...

इलाम नगरपालिका शिक्षा शाखा प्रमुख राधिका घिमिरेले शिक्षकले पाठ्यक्रम हेरेर पढाउने बताइन्। उनले भनिन्, 'पाठ्यपुस्तक नभए पनि फरक पर्दैन, पाठ्यक्रममा सबै कुरा हुन्छ, शिक्षकलाई पाठ्यपुस्तक चाहिने होइन, विद्यार्थीलाई चाहिने हो।' शिक्षकले पाठ्यक्रम हेरेर राम्रोसँग पढाउने हो भने किताब नै नचाहिने घिमिरेको भनाइ छ। 'पाठ्यक्रम दिइसकेको छ, त्यही पाठ्यक्रमका आधारमा शिक्षकले पढाउनुपर्ने हो,' घिमिरेले भनिन्।

अहिले पढाइ भइरहेको र पाठ्यक्रम भएपछि परीक्षाको तयारीका लागि समस्या नहुने उनको तर्क छ। कक्षा ३ सम्मको पुस्तक वितरण भइसकेको, कक्षा ४ को किताब छपाइमा गएको र कक्षा ५ को किताब तयारी भइरहेको घिमिरेको भनाइ छ। 'पाठ्यपुस्तक तयार गर्न २५ जना विज्ञबाट काम भइरहेको छ,' घिमिरेले भनिन्, 'पुस्तकको काम छिटो होस् भनेर अवकाश भएका शिक्षकहरूलाई प्रयोग गरिएको छ र उहाँहरूबाट मस्यौदा आएपछि नगरपालिकामा खडानन्द अधिकारीको संयोजकत्वमा बनेको समितिले फाइनल गर्नेछ।'

कक्षा ४ को पाठ्यपुस्तक छपाइमा गइसकेको र चैतसम्ममा कक्षा ५ को पनि तयारी गर्नेगरी लागिरहेको भन्दै आगामी असारसम्ममा सबै पाठ्यपुस्तक तयारी भइसक्ने उनले बताइन्। स्थानीय सरकार सञ्चालन ऐनमा अनिवार्य स्थानीय पाठ्यक्रम बनाएर पुस्तक छाप्नुपर्ने उल्लेख छ। ऐनअनुसार स्थानीय पाठ्यक्रम तयारी भएर पनि समयमा पुस्तक तयार हुन नसक्दा परीक्षाको मुखमा पनि विद्यार्थीले पुस्तक देख्न पाएका छैनन्।

इलाम नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गर्दा नौवटा क्षेत्रलाई समेटेर तयार गरेको जनाएको छ। नगरपालिका शिक्षा शाखाका अनुसार पाठ्यक्रम तयार गर्दा पालिकाको भौगोलिक, राजनीतिक, जनसंख्या, प्राकृतिक सम्पदा, वातावरण संरक्षण, जात जाति, भाषा, धर्म कला, पेसा, व्यवसाय, आर्थिक, पोषण, स्वास्थ्य, सरसफाइ, खेलकुद, सुरक्षा विपद् व्यवस्थापन, सामाजिक सुरक्षा, नैतिक मूल्य मान्यता र सामाजिक व्यक्तित्व, कम्प्युटर, पर्यटन र जीवन उपयोगी सीपलाई समेटेर पाठ्यक्रम तयार भएको छ। नगरपालिकाले पाठ्यक्रम तयार गरे पनि पुस्तक तयारीमा ढिलाइ हुँदा शैक्षिक सत्रको अन्त्यमा पनि विद्यार्थीहरू किताब नदेखी परीक्षा दिन बाध्य छन्।

**मंगला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/११/१५

यस कार्यालयको तर्फबाट मिति २०८१/१०/०४ को राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतिय बोलपत्र आह्वानको सूचना अनुसार रितपुर्वक दर्ता भएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र दाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनका लागि उल्लिखित बोलपत्रमा भाग लिने सबै बोलपत्र दाताहरु र सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर र PS सहित) | कैफियत |
|---|---|---|---|---|
| MRM/Myagdi/NCB/Works/B/06/081/082 | Myagdi District Mangala Rural Municipality - 05 Dihi Gaun ma Samudayik Kriyaputri Bhawan Nirman Kary | Babu Builders and Developers Pokhara, Kaski | 59,33,185.57/- | |

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and sewerage Management
**Federal Water Supply and Sewerage Management Project**
**Pokhara**

**Invitation for Bids**

**Date of publication: 2081/11/15**

Federal Water Supply and Sewerage Management Project Pokhara, Nepal invites electronic bids from eligible and qualified bidders for following works.

| S.N. | Contract No. | Description of Works | Bid Security amount, (NRs.) | Bid Document Fee, (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| 1 | IFB/08/081/082/works/fwssmp/pokhara | The Construction of Different Water Supply Components for Belchautara Co-financing Water Supply and Sanitation Project, Shuklagandaki, Tanahun. (Phase-I) | 52,30,000.00 | 10,000 | |
| 2 | IFB/10/081/082/works/fwssmp/pokhara | The Construction Works of Amarawati (Amarapuri) Water Supply Project Gaindakot 14-17, Nawalpur (Phase-I) | 30,10,000.00 | 10,000 | |
| 3 | IFB/11/081/082/works/fwssmp/pokhara | The Construction Works of Bhimad Water Supply Project, Tanahaun.( Phase-I) | 41,30,000.00 | 10,000 | |

The detail notice can be accessed from www.bolpatra.gov.np/egp

Project Chief
FWSSMP, Pokhara



# विकासमा फड्को मार्दै भोजपुर

**युवराज विष्ट/राजधानी**
भोजपुर, १४ फागुन

देश संघीयतामा गएपश्चात् भोजपुरमा विकासले गति लिएको छ । विभिन्न कालखण्डमा छुट्टै पहिचान बनाएको भोजपुरले विकासमा भने सोचेअनुसारको फड्को मार्न सकेको थिएन । भोजपुर विभिन्न कारणले देशमा परिचित जिल्ला पनि हो। भोजपुरको चिनारी धेरै क्षेत्रबाट लिन सकिन्छ । पहिलो त यो जिल्ला खुकुरीका लागि प्रख्यात छ। त्यससँगै राणाकालमा नेपालभर चाहिने टक (डोली पैसा) छापिएको जिल्ला पनि हो, भोजपुर । यहाँ १८७२ सालमा भोजपुर नगरपालिका-१२ टक्सारमा तामाको टक अर्थात् मुद्रा छापिन्थ्यो । ती मुद्रा अहिले पनि भेट्न सकिन्छ। भोजपुर शिक्षाको क्षेत्रमा पनि अग्र स्थानमा रहेको जिल्ला हो । यहाँको दिङ्लामा आबाल ब्रह्मचारी षडानन्द अधिकारीले १९३२ सालमा नेपालकै पहिलो संस्कृत पाठशाला सञ्चालनमा ल्याएका थिए। त्यस समयमा देशका विभिन्न ठाउँ तथा भारतबाटसमेत अध्ययनका लागि मानिसहरू आउने गरेका थिए ।

सतिप्रथाको अन्त्यका लागि लड्ने क्रान्ति योद्धा योगमाया न्यौपानेको जन्मभूमि रूपमा पनि यो जिल्ला परिचित छ । १९१७ सालमा भोजपुरको षडानन्द नगरपालिका-१ नेपालेडाँडामा जन्मिएकी न्यौपानेले सतिप्रथाका विरुद्ध गरेको योगदान अतुलनीय छ । सतिप्रथा, छुवाछुत प्रथा अन्त्यका लागि आफ्नो अभियानको नारा लगाउँदै २२ असार १९९८ मा अरुण नदीमा योगमायासहित ६८ जनाले मृत्युवरण गरेर क्रान्तिको सुरुवात गरेका थिए । त्यससँगै राजनीति तथा निजामती सेवामा पनि यहाँका मानिसहरूले उच्च तह प्राप्त गरिसकेका छन् । गणतन्त्र प्राप्तिपछि दुईपटक राष्ट्रपतिको जिम्मेवारी पनि भोजपुरकै विद्यादेवी भण्डारीले सम्हालिन् ।

देशका हर आन्दोलन तथा परिवर्तनमा भोजपुरले विभिन्न खालका योगदान पुऱ्याउँदै आएको छ । थुप्रै ऐतिहासिक महत्त्व बोकेको जिल्ला भए पनि यहाँ विकासले भने नागरिकको अपेक्षानुसार गति लिन सकेको थिएन। तर, देश संघीय संरचनामा गएपछि भने भोजपुरमा विकासले गति लिएको अवस्था छ। संघीयता कार्यान्वयनपश्चात भोजपुरमा दुई नगरपालिका र सातवटा गाउँपालिका रहेका छन् । यहाँ स्थानीय सरकारले आफ्नो ठाउँको विकासका लागि रचानात्मक ढंगले विकासका गतिविधिलाई अघि बढाएका छन् ।

भोजपुरमा सडक पूर्वाधारसँगै पर्यटकीय क्षेत्रमा समेत नमुनायोग्य कामहरू भइरहेका छन् । सीमित स्रोतको अधिकतम सदुपयोग गर्दै स्थानीय तहहरूले प्रदेश र केन्द्र सरकारसँगको समन्वयमा दीर्घकालीन महत्त्वका योजनाहरूको थालनी गरेको अवस्था छ । यहाँको पौवादुङमा गाउँपालिकाले आफ्नो स्रोत, प्रदेश तथा संघ सरकारसँगको सहकार्यमा तिवारीभञ्याङ-अँधेरीघाट ३६ किलोमिटर सडक कालोपत्रे थालेको छ। यस गाउँपालिकाले कृषि तथा पर्यटकीय क्षेत्रमा पनि योजनाबद्ध विकास थालेको अवस्था छ ।

सुक्खा क्षेत्रका रूपमा परिचित यस गाउँपालिकाले कृषि क्षेत्रमा गरेको लगानीले अकबरे खुर्सानीबाट मात्र वार्षिक ६ करोडदेखि ८ करोडसम्म भित्रने गरेको गाउँपालिका अध्यक्ष किरण राईले जानकारी दिए । कृषकलाई दुग्ध उत्पादनसँग जोड्न यस आर्थिक वर्षमा करिब २ सयवटा उन्नत जातका गाईका बाछी वितरणको कार्यक्रम अघि सारेको उनको भनाइ छ ।

गाउँपालिकालाई फुसको छानोमुक्त बनाउने लक्ष्यले नागरिकको फुसको छानो हटाउने कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ । आफ्नो कार्यकालभित्र यहाँका सम्पूर्ण परिवारको फुसको छानो हटाउने अध्यक्ष राईले बताए । 'देश संघीय संरचनामा गएपछि स्थानीय सरकार सञ्चालनमा छन्,' अध्यक्ष राईले भने, 'हुन त देशमा संघीयता भएपछि खर्च मात्र बढी भयो भन्ने भाष्य फैलाउन खोजिएको पनि देखिन्छ तर स्थानीय सरकार सञ्चालनमा आएपछि हामीले नमुनायोग्य काम गर्न सफल भएका छौं, यो संघीयताको उपज हो, स्थानीय सरकार भएको महसुस जनताले गर्न पाएको अवस्था छ ।'

प्रदेश सरकारको लगानीमा भोजपुर सदरमुकाम-टक्सार विमानस्थलसम्मको करिब साढे ४ किलोमिटर कालोपत्रे भएको छ। कोशी प्रदेश सरकार सञ्चालनमा भएपछि आस्फाल्ड प्रविधिमा निर्माण गरिएको पहिलो सडक पनि हो । यो सडक प्रदेश सरकारको १६ करोड ९२ लाख लागत कालोपत्रे गरिएको हो ।

भोजपुरमा २०६५ सालमा कच्ची सडक विस्तारपछि हेलिकोप्टरबाट महेन्द्र जीप ल्याएर सवारीसाधनको सञ्चालन गरिएको थियो । त्यस बेलासम्म भोजपुरमा कालोपत्रे सडक देख्न पाउने अवस्था थिएन । सडकको इतिहासलाई हेर्दा धनकुटा जिल्लामा सडक विस्तार भएको ३१ वर्षपछि भोजपुरमा सडकको विस्तार भएको स्थानीय समाजसेवी गणेश श्रेष्ठ बताउँछन् । देश संघीय संरचनामा गएपछि भोजपुरमा विकासले गति लिएको उनको भनाइ छ । स्थानीय सरकार सञ्चालनपछि धेरै दूरगामी महत्त्व बोकेका योजनाहरू सञ्चालन भइरहेको श्रेष्ठले बताए। जिल्लामा अहिले सडक, पुल, खानेपानी, कृषि पर्यटन, पूर्वाधार विकासलगायतका क्षेत्रमा स्थानीयवासीले महसुस गर्ने खालको विकास भएको उनले बताए ।

'देशमा संघीयतापश्चात भोजपुरको विकासले गति लिएको अवस्था छ,' उनले भने, 'ठूला कालोपत्रे सडक, पुलसँगै भौतिक संरचनाहरू निर्माण भइरहेका छन्, यसले नागरिकको जनजीवनमा प्रत्यक्ष लाभ पुगेको छ, विकासले गति लिए पनि संघीयताको महत्त्व र आवश्यकताको विषयमा भने जनतालाई बुझाउन आवश्यक छ ।'

जिल्लामा स्थानीय सरकार सञ्चालनमा आएपछि सबै ८१ वटै वडामा कच्ची नै भए पनि सडक विस्तार भएको उनको भनाइ छ । विस्तार भएका सडकलाई क्रमागत रूपमा स्तरोन्नतिमा जोड दिन भने आवश्यक रहेको उनले बताए। भोजपुरका ठूला नदी र खोलामा आवश्यक पुलहरू निर्माण भइरहेका छन् । प्रदेश सरकारको लगानी तथा पहलमा यहाँका १२ वटा खोलामा पक्की पुल निर्माण सम्पन्न भएका छन् भने दुईवटामा पुल निर्माणको चरण रहेका छन् ।

निर्माण सम्पन्न भएको पिखुवा खोला पक्की पुल ७ करोड ५० लाख, आरी खोला पक्की पुल ३ करोड, बेहेरे खोला पक्की पुल ३ करोड ५० लाख, खाल्डे पिखुवा खोला पक्की पुल २ करोड ५० लाख, राउते खोला पक्की पुल ३ करोड ५० लाख, कावा खोला पक्की पुल ७ करोड ५० लाख, श्याम खोला पक्की पुल ३ करोड ४२ लाख रुपैयाँमा लागत निर्माण सम्पन्न भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

त्यस्तै, बंखुवा खोला पक्की पुल २ करोड २५ लाख, गंखुवा खोला पक्की पुल ४ करोड ५० लाख, सिक्तेल खोला पक्की पुल ४ करोड र एखुवा खोला पक्की पुल ६ करोड ६० लाख लागतमा निर्माण सम्पन्न भएको कार्यालयको भनाइ छ । निर्माणाधीन चिर्खुवा खोला पक्की पुलको ६ करोड ६२ लाख र तामुटार पक्की पुलको ६ करोड ३५ लाख रुपैयाँ लागत रहेको कार्यालयले जनाएको छ। प्रदेश सरकारको पहल तथा स्विस सरकारको आर्थिक सहयोगमा कावा खोला पक्की पुल र सिक्तेल खोलाको गुम्बामा पक्की पुल बनेका हुन्।

प्रदेश सरकारको लगानीमा भोजपुर सदरमुकामबाट उत्तरको व्यापारिक केन्द्र दिङ्ला जोडने भोजपुर-दिङ्ला सडक कालोपत्रेको काम भइरहेको छ। यस सडकलाई दुई भागमा विभाजन गरेर कालोपत्रे गर्नका लागि काम भइरहेको पूर्वाधार विकास कार्यालय भोजपुरका प्रमुख राजनराज रेड्डीले जानकारी दिए ।

भोजपुर-दिङ्ला पहिलो प्याकेजअन्तर्गत पानी ट्यांकीबाट तीनतलेसम्म ५८ करोड ४० लाख रुपैयाँमा ठेक्का सम्झौता भएर काम भइरहेको प्रमुख रेड्डीको भनाइ छ । यही सडकखण्डको दोस्रो प्याकेजअन्तर्गत तीनतले-दिङ्ला सडक ६३ करोड ९२ लाख लागतमा ठेक्का सम्झौता भएर काम सुरु भएको छ। भोजपुर-दिङ्ला सडकको कुल लम्बाई करिब ४७ किलोमिटर रहेको छ। कालोपत्र गर्ने लक्ष्यका साथ षडानन्द-१२-तुर्के -झ्याउपोखरी-फालिदोबाटो सडकमा पनि काम भइरहेको छ। यो सडक ५१ करोड ६२ लाख रुपैयाँ लागतमा ठेक्का सम्झौता भएको छ । त्यस्तै, भोजपुर-टक्सार-मानेभञ्याङ-आरी खोला-बालंखा रानीटार सडक पनि कालोपत्रे गर्ने लक्ष्यका साथ प्रदेश सरकारको बजेटमा काम भइरहेको कार्यालयले जनाएको छ । क्रमागत योजना रूपमा रहेको यस सडकको पहिलो चरणको लागत ५५ करोड ६८ लाख रुपैयाँ रहेको कार्यालयको भनाइ छ ।

जिल्लाको खेलकुद क्षेत्रको विकासका लागि प्रदेश सरकारको लगानीमा भोजपुर नगरपालिका-७ कोदारमा अन्तर्राष्ट्रियस्तरको भोजपुर रंगशाला निर्माण सम्पन्न भएर सञ्चालनमा आएको छ। रंगशाला कोशी प्रदेश सरकारको करिब १४ करोड लागतमा निर्माण सम्पन्न भएको हो । जिल्लामा अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माणले भोजपुरवासीमा उत्साह थपिएको भोजपुर जिल्ला फुटबल संघका अध्यक्ष प्रवीण सुवालले बताए। विगतमा खेलमैदानको अभावले ठूलो प्रतियोगिता सञ्चालनमा समस्या भए पनि रंगशाला निर्माणले त्यस समस्याको अन्त्य भएको अध्यक्ष सुवालको भनाइ छ।

भोजपुरमा पर्यटन क्षेत्रमा पनि उल्लेख्य काम भइरहेका छन् । स्थानीय तहहरूले आफ्नो ठाउँका पर्यटकीय क्षेत्रको पहिचान गरेर संरक्षण तथा विकासका लागि काम गरिरहेका छन् । नेपाल सरकारको सय घुम्नैपर्ने पर्यटकीय गन्तव्यमा पर्न सफल मुन्दुम पदमार्गको विकासमा टेम्केमैयुङ गाउँपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेको छ ।

भोजपुर, खोटाङ र सोलुखुम्बु जिल्लाका स्थानीय तहहरूलाई छोएको यस पदमार्गको विकासमा प्रदेश सरकार, केन्द्र सरकार, स्विस सरकार र भोजपुरका स्थानीय तहसँगै अन्य जिल्लाका स्थानीय तहहरूले पनि आवश्यक भूमिका खेलिरहेका छन् । यस पदमार्गलाई पूर्वको स्थापित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यका साथ विकास तथा विस्तारमा योजनाबद्ध रूपमा काम भइरहेको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए ।

यसै आवमा यस क्षेत्रको थप विकास तथा विस्तारका लागि १ करोड ८५ लाख रुपैयाँलगायतमा विभिन्न संरचना निर्माण हुने उनको भनाइ छ। 'मुन्दुम पदमार्गलाई पूर्वको एक स्थापित गन्तव्य रूपमा विकास गरिरहेका छौं,' अध्यक्ष बस्नेतले भने, 'स्थानीय तह, केन्द्र सरकार, प्रदेश सरकार र स्विस सरकारको लगानीमा यसको थप विकासमा जुटेका छौं, यस पदमार्गलाई स्थानीयवासीको दिगो आम्दानीको स्रोतको रूपमा विकास गर्ने हाम्रो लक्ष्य छ ।'

यहाँको रामप्रसादराई गाउँपालिकाले डाग्बुङ (गुराँस)पदमार्ग निर्माण गरेको छ । प्राकृतिक रूपमा मनोरम क्षेत्रलाई समेटेर डाग्बुङ (गुराँस)पदमार्ग निर्माण गरेको हो । यस क्षेत्रमा रहेको नेपालको राष्ट्रिय फूल लालीगुराँसको संरक्षणसँगै आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्यका साथ पदमार्ग निर्माण थालिएको गाउँपालिकाले जनाएको छ। पदमार्ग निर्माणमा करिब ५४ लाख रुपैयाँ खर्च भएको गाउँपालिकाको भनाइ छ।


रामप्रसादराई गाउँपालिका-१ ओखेमा निर्माण भइरहेको यस स्थानलाई आधार बनाएर आन्तरिक पर्यटन सर्किट निर्माण गर्ने लक्ष्यका साथ काम भइरहेको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए । हाल ओखे बजारबाट करिब ६ किलोमिटर पदमार्ग निर्माण भएको अध्यक्ष राईको भनाइ छ । निर्माण भइरहेको पदमार्गलाई वडा नं. ४ मा रहेको धार्मिक तथा पर्यटकीय क्षेत्र चुलाचुलीसम्म जोड्ने योजना रहेको छ ।

हतुवागढी गाउँपालिकाले पनि जोर आहाल, शंखामचुली, दिमालुङ पदमार्ग निर्माण गरेको छ । प्राकृतिक रूपमा मनोरम ऐतिहासिक हतुवा क्षेत्रलाई समेटेर पदमार्ग निर्माण गरिएको हो । विभिन्न आवमा यो पदमार्ग निर्माणका लागि प्रदेश सरकारसँगको सहकार्यमा करिब ३ करोड रुपैयाँ हाराहारी लगानी भइसकेको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए। क्रमागत रूपमा यस पदमार्गको विकास तथा विस्तारको काम भइरहेको उनको भनाइ छ ।

यसलाई मुख्य पर्यटन क्षेत्रका रूपमा स्थापित गराउने लक्ष्यका साथ निर्माण थालिएको गाउँपालिकाको भनाइ छ। आन्तरिक तथा बाह्य पर्यटनको आवागमन बढाएर आर्थिक स्रोतका रूपमा जोड्न यहाँ पदमार्ग निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष राईले बताए।

यहाँका प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रहरूमा सिद्धकाली देवी मन्दिर, नागछाँगा, पशुपति मन्दिर तिम्मा, रामजानकी मन्दिर दिङ्ला, ट्याम्केडाँडा, नेपालको पहिलो बौद्ध विहार टक्सार, च्यांग्रे पोखरी, सन्तानेश्वर महादेवथान गुफा, साल्पापोखरी, कालिकादेवी, सेल्मे डाँडा, सुन्तले डाँडा, दिङ्ला बजार, अरुणडाँडा, मैयुङ डाँडालगायत पर्छन् ।

त्यस्तै बेहेश्वर मन्दिर, हतुवागढी, हाँसपोखरी, ४ हजार १ सय ५३ मिटर उचाई रहेको भोजपुरको सबैभन्दा अग्लो स्थान सिलिचुङ चुचुरो र १ सय ५३ मिटर उचाई रहेको जिल्लाको सबैभन्दा होचो धार्मिक क्षेत्र माइबेनी यहाँका प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्रका रूपमा रहेका छन् ।



# मितेरी पदयात्री १३ जोडीले लगाए मीत

**राजधानी संवाददाता**
लमजुङ, १४ फागुन

लमजुङमा आएका १३ जोडी मितेरीले पदयात्राको विशेष कार्यक्रममा मीत लगाएका छन् । लमजुङको मध्यनेपाल नगरपालिका-२ को तान्द्राङ टक्सारमा आयोजना गरिएको पात बजाउने दोस्रो खुला प्रतियोगिता, सम्मान एवं कवि गोष्ठीका अवसरमा ती जोडीले मीत लगाएका हुन् । मीत लगाउने काम असम भारतबाट सो कार्यक्रममा भाग लिन आएका संस्कृतिकर्मी तथा साहित्यकार र आयोजक ठाडोभाका लोककला प्रतिष्ठानका पदाधिकारी र सदस्यहरूबीच गरिएको हो ।

नेपाली संस्कृति सुरक्षा परिषद् असमका अध्यक्ष एलबी प्रधानको नेतृत्वमा १३ सदस्यीय टोली चार दिवसीय लोक संस्कृति एवं लोक साहित्यिक पर्यटन मितेरी पदयात्रामा आयोजक प्रतिष्ठानको निमन्त्रणामा नेपाल आएको हो। पदयात्राको तेस्रो दिन आयोजित सो कार्यक्रममा मीत लगाउने काम गरिएको हो ।

नेपालको मौलिक संस्कृतिका रूपमा रहेको मीत लगाउने परम्परा भुलिँदै गएकामा दुई मित्रराष्ट्रका नेपाली संस्कृतिका अभियन्ताहरूका बीचमा मीत तथा मितिनी लगाउने काम भएको हो। हितको मीत भनिन्छ, वैदिक सनातन संस्कृतिमा मीत लगाउने कार्य परापूर्वकालदेखि चलिआएको पाइन्छ। श्रीस्वस्थानी व्रत कथामा समेत समापत पूजामा तयार गरेको नैवेद्य आफ्नो छोरा नभए मीत छोरालाई दिनु भन्ने कथनले मीत संस्कृति परापूर्वदेखि नै चलिआएको पुष्टि गरेको छ।

तर, पछिल्ला वर्षमा हराउँदै गएको यस संस्कृतिलाई बचाउन औपचारिक कार्यक्रममा मीत मितिनी लगाउने कार्य गरिएको नेपाली संस्कृति सुरक्षा परिषद् असमका अध्यक्ष प्रधानले बताए ।

'दोहोरो संस्कृति आदानप्रदान गर्ने र थप उन्नयन गर्ने उद्देश्यले मितेरी पदयात्रा गरिएको हो,' उनले भने । यो संस्कृति बचाउन, नयाँ पिढीलाई यो प्रथा सिकाउनका लागि यस्तो कार्य गरिएको बताइएको छ । 'संस्कृति संरक्षण र प्रवर्धनको एक कडीका रूपमा हामीले मीत लगाउने कार्यलाई लिएका छौं,' आयोजक प्रतिष्ठानका ८४ वर्षीय वरिष्ठ सदस्य अमरध्वज गुरुङले भने, 'हितको मीत भनिन्छ, यसको अर्थ ऊभन्दा नजिकको अर्को कुनै साथी छैन भन्ने हो ।'

उनका अनुसार मीतको तीन पुस्तासम्म बिहेवारीसमेत चल्दैन । गुरुङले असम टोलीको नेतृत्वकर्ता एलबी प्रधानसँग मीत लगाएका छन् ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय :**
**बालुवाटार, काठमाण्डौ**
**फोन: ०१-४५२१८६१/६२/६३**

## कर्जा नतिर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति डेभलपमेन्ट बैंक आफूले सकार गरी लिने सम्बन्धी ७ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८१/११/१५ गतेको राजधानी राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट निम्न बमोजिमको ऋणीहरुले म्याद भित्र कर्जा चुक्ता भुक्तान नगरेको र धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र आह्वान गर्दा समेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (**सात**) **दिनभित्र** कर्जाको सम्पूर्ण साँवा ब्याज भुक्तानी गरी आफ्नो घर/जग्गा फुकुवा गराउन सम्बन्धित ऋणी र जमानी दिनुहुने महानुभावहरू समेतलाई अन्तिम पटक यो सूचनाद्वारा जानकारी गराइन्छ। उल्लेखित मिति भित्र पनि कर्जा चुक्ता नगरेमा तपसिल बमोजिम यस डेभलपमेन्ट बैंकमा धितोमा रहेको चल/अचल सम्पत्ति डेभलपमेन्ट बैंक आफैले सकार गरी लिने हुँदा सम्बन्धित ऋणी र धितो जमानी दिनुहुने महानुभावहरू समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ऋणी/संचालक/अ.प्रा.व्यक्ति/जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण: |
|---|---|
| **१. ऋणी : हट एण्ड चिल्ली प्रा.लि.**<br>दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय<br>ठेगानाः नेपालगंज उप-महानगरपालिका वडा नं.-१२, बाँके<br>दर्ता नंः २५२८९६/०७७/०७८<br>दर्ता मितिः २०७७/१०/०४<br>पान नंः : ६०९९०६८३३<br>**अध्यक्ष/संचालक/अ.प्रा. व्यक्तिको नाम : हेम बहादुर रावत**<br>बुवाको नाम : नोख बहादुर रावत<br>बाजेको नामः खड्के रावत<br>ठेगानाः नेपालगंज-६, बाँके, हालः नेपालगंज-५, बाँके<br>ना.प्र.नं. ६६१०१९/१९४२<br>जारी मिति : २०६६/०७/२३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके<br>**शाखा कार्यालय : गुलरिया, वर्दिया**<br>**जमानीकर्ताको विवरण:**<br>**क) नाम : बिनिता शर्मा**<br>बुवाको नाम : लिलाधर शर्मा<br>पतिको नामः हेम बहादुर रावत<br>ससुराको नामः नोख बहादुर रावत<br>ठेगाना : नेपालगंज-५, बाँके<br>ना.प्र.नं.: ६६१०१९/३४३८<br>जारी मिति :२०६८/०१/१२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके | **ख) नामः वालीका देवी रावत**<br>बुवाको नाम : तेज बहादुर खड्का<br>पतिको नामः नोख बहादुर रावत<br>ससुराको नाम : खड्के रावत<br>ठेगाना : नेपालगंज-५, बाँके<br>ना.प्र.नं. : रा.अ. १, जारी मिति :२०४६/८/२४<br>जारी गर्ने कार्यालय : जि.का., बर्दिया<br>**ग) नाम : खेम वहादुर क्षेत्री**<br>बुवाको नाम : दील वहादुर क्षेत्री<br>बाजेको नामः मान सिंह क्षेत्री<br>ठेगाना : कोहलपुर-५, बाँके, हालः कोहलपुर-१३, बाँके<br>ना.प्र.नं.: ६५२, जारी मितिः २०५२/१०/२८<br>जारी गर्ने कार्यालय : जि.प्र.का.,बाँके<br>**घ) नामः देउकली क्षेत्री**<br>बुवाको नामः चन्द्र बहादुर रावत<br>पतिको नामः खेम बहादुर क्षेत्री<br>ससुराको नामः दील बहादुर क्षेत्री<br>ठेगानाः कोहलपुर-५, बाँके, हालः कोहलपुर-१३, बाँके<br>ना.प्र.नं. ६६-०१-७०-०६०६८, जारी मिति :२०७०/१०/१२<br>जारी गर्ने कार्यालय : जि.प्र.का.,बाँके<br>**ङ) नाम : सम्झना क्षेत्री**<br>बुवाको नाम : खेम बहादुर क्षेत्री<br>बाजेको नामः दील बहादुर क्षेत्री<br>ठेगानाः कोहलपुर-१३, बाँके<br>ना.प्र.नं.: ६६-०६-७५-०४०९३, जारी मितिः २०७५/१२/१७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके |

**सुरक्षणमा रहेको धितोको विवरण:**
१) श्री मालपोत कार्यालय नेपालगँज, बाँकेमा खेमबहादुर क्षेत्रीको नाममा दर्ता कायम रहेको जिल्ला बाँके चटार-४, स्थित कि.न. ५९ को क्षेत्रफल २०३१.५० व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) श्री मालपोत कार्यालय राजापुर, बर्दियामा हेम बहादुर रावतको नाममा दर्ता कायम रहेको जिल्ला बर्दिया, नयाँगाउँ-५, स्थित कि.न. ६८४ को क्षेत्रफल ३०४७.६७ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ऋणी/संचालक/अ.प्रा. व्यक्ति/जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **२. ऋणीः अति सस्तो प्रा.लि.**<br>दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर,काठमाण्डौं<br>दर्ता नंः२३४२८२/०७६/०७७, दर्ता मितिः २०७६/१०/२८<br>ठेगानाः नेपालगंज उप-महा न.पा-२, बाँके<br>पान नंः ६०९७२०३२७,<br>**संचालक/अ.प्रा. व्यक्ति/जमानीकर्ताको नाम : हेम बहादुर रावत**<br>बुवाको नामः नोख बहादुर रावत<br>बाजेको नामः खर्के रावत<br>ठेगानाः नेपालगंज-६, बाँके, हालः नेपालगंज-२, बाँके<br>ना.प्र.नं.: ६६१०१९/१९४२, जारी मितिः २०६६/०७/२३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके<br>**कर्जा लिएको शाखा : गुलरीया, बर्दिया**<br>**जमानीकर्ताको विवरण**<br>**क) नाम : वालीका देवी रावत**<br>बुवाको नाम : तेज बहादुर खड्का<br>पतिको नामः नोख बहादुर रावत, ससुराको नामः खर्के रावत<br>ठेगाना : नेपालगंज-२, बाँके<br>ना.प्र.नं. : रा.अ. १, जारी मिति :२०४६/८/२४<br>जारी गर्ने कार्यालयः जि.का., बर्दिया<br>**ख) नामः रजिया बानो सिद्दिकी**<br>बुवाको नाम : समीउल्ला सिद्दिकी<br>पतिको नाम : मोहम्मद अथ्यूब सिद्धिकी<br>ससुराको नाम : कल्लु सिद्धिकी<br>ठेगानाः नेपालगंज-१६, बाँके<br>ना.प्र.नं. :६६-०१-७७-००९५१, जारी मिति :२०७७/०५/०४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके<br>**ग) नाम : मोहम्मद अथ्युव सिद्धिकी**<br>बुवाको नाम : कल्लु सिद्दिकी<br>बाजेको नामः अबदुल खटिक सिद्दिकी<br>ठेगानाः जैसपुर-१, बाँके, हालः नेपालगंज-१६, बाँके<br>ना.प्र.नं.: ६६३०३१/२४, जारी मितिः २०६३/११/१०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके<br>**घ) नाम : दिपिका कुमारी थारु**<br>बुवाको नाम : जगतराम थारु, बाजेको नामः सुखराम थारु<br>ठेगाना : राजापुर -२, बर्दिया<br>ना.प्र.नं.:६५-०२-७६-००५१७, जारी मितिः २०७६/०२/२१<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया | **ङ) नामः निरुता कुमारी थारु**<br>बुवाको नाम : जगतराम थारु<br>बाजेको नामः सुखराम थारु<br>ठेगाना : राजापुर-२, बर्दिया<br>ना.प्र.नं.: ६५-०२-७४-०४०८२<br>जारी मिति :२०७४/१२/२९<br>जारी गर्ने कार्यालयः जि.प्र.का., बर्दिया<br>**च) नामः जगतराम थारु**<br>बुवाको नाम : सुखराम थारु<br>बाजेको नामः मंगल प्रसाद थारु<br>ठेगाना : नयांगाउं-२, बर्दिया, हाल : राजापुर-२, बर्दिया<br>ना.प्र.नं.:९४३९, जारी मिति :२०५९/०२/२७<br>जारी गर्ने कार्यालयः जि.प्र.का., बर्दिया<br>**छ) नामः सुखराम थारु**<br>बुवाको नामः मंगल प्रसाद थारु<br>बाजेको नामः रघुनाथ थारु<br>ठेगानाः नयागाउ-२, बर्दिया, हालः राजापुर-२, बर्दिया<br>ना.प्र.नं.:१७८२५, जारी मिति : २०३५/०७/२९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया<br>**ज) नाम : कोपिला थारु**<br>बुवाको नाम : डिल्ली बहादुर थारु<br>पतिको नामः जगतराम थारु, ससुराको नामः सुखराम थारु<br>ठेगानाः पाताभार-१, बर्दिया, हालः राजापुर-२, बर्दिया<br>ना.प्र.नं.: १२८१४, जारी मिति :२०६०/०२/२७<br>जारी गर्ने कार्यालयः जि.प्र.का., बर्दिया<br>**झ) नाम : लौटी थारुनी**<br>बुवाको नाम : दरवारी लाल थारु<br>पतिको नामः सुखराम थारु, ससुराको नामः मंगल प्रसाद थारु<br>ठेगाना : भिम्मापुर -४, बर्दिया, हाल : राजापुर-२, बर्दिया<br>ना.प्र.नं.: ३४३९२, जारी मिति :२०३७/०३/०५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया<br>**ञ) नाम : बिनिता शर्मा**<br>बुवाको नाम : लिलाधर शार्मा<br>पतिको नामः हेम बहादुर रावत<br>ससुराको नामः नोख बहादुर रावत<br>ठेगाना : नेपालगंज-५, बाँके, हाल : नेपालगंज-२, बाँके<br>ना.प्र.नं.: ६६१०१९/३४३८, जारी मिति :२०६८/०१/१२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके |

**सुरक्षणमा रहेको धितोको विवरण:**
२. श्री मालपोत कार्यालय नेपालगँज, बाँकेमा बालीका देवी रावतको नाममा दर्ता कायम रहेको बाँके जिल्ला बागेश्वारी -४ स्थीत कि.न. ९६६ को क्षेत्रफल १२८० व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. श्री मालपोत कार्यालय राजापुर, बर्दियामा जगतराम थारुको नाममा दर्ता कायम रहेको बर्दिया जिल्ला नयाँगाउ-२ स्थीत कि.न. १५८ को क्षेत्रफल ७१९५.९१ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. श्री मालपोत कार्यालय राजापुर, बर्दियामा सुखराम थारुको नाममा दर्ता कायम रहेको बर्दिया जिल्ला नयाँगाउ-२ स्थीत कि.न. २७५ र २९४ को क्षेत्रफल क्रमशः १२१९०.७१ र २०३१.७८ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

# ग्रामीण विकासका चुनौती र अवसर



● विश्वनाथ खरेल

नेपालको ग्रामीण क्षेत्रको भविष्य समावेशी र दिगो विकासका लागि उपलब्ध अवसरको सदुपयोग गर्दै वर्तमान चुनौतीलाई सम्बोधन गर्ने सन्तुलित दृष्टिकोणमा निहित छ । यसका साथसाथै राष्ट्रमा ग्रामीण विकास एउटा जटिल र बहुआयामिक चुनौती हो



नेपाल, हिमालयमा अवस्थित भूपरिवेष्टित सानो देश पनि हो। जहाँ देशको राजधानी काठमाडौं सहरीकरणको चपेटामा परेको बेला यसको ६५ प्रतिशतभन्दा बढी जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्छ। जहाँ जीवन दुर्गम भूभाग, निर्वाह कृषि र आधुनिक सुविधामा सीमित पहुँचले भरिएको छ । जसले गर्दा ग्रामीण विकास मुलुकको सामाजिक-आर्थिक रूपान्तरणको केन्द्रबिन्दु बनेको छ। यद्यपि यसले चुनौती र अवसरहरूको जटिल अन्तरक्रियाको सामना गरिरहेको छ। यस अर्थले भन्ने नै हो भने राष्ट्रको भित्री भूभागमा प्रगतिमा बाधा पुऱ्याउने बहुआयामिक बाधाहरूको अन्वेषण गर्छ र दिगो विकासलाई उत्प्रेरित गर्न सक्ने अप्रयुक्त सम्भावनाहरूलाई हाइलाइट गर्छ। जसले गर्दा ग्रामीण विकासलाई देशको समग्र प्रगतिमा महत्त्वपूर्ण कारक बनाउँछ । जसमा भन्ने नै हो भने समृद्ध प्राकृतिक स्रोत, विविध संस्कृति र बढ्दो अर्थतन्त्रको बावजुद नेपालले दिगो ग्रामीण विकासलाई बढावा दिन महत्त्वपूर्ण चुनौतीहरूको सामना गरिरहेको छ। एकैसाथ, नवीन नीतिहरू, रणनीतिक लगानीहरू र स्थानीय सशक्तीकरणमार्फत ग्रामीण समुदायलाई उत्थान गर्ने थुप्रै अवसर अवस्थित छन्। यस लेखले नेपालको ग्रामीण विकासका विभिन्न चुनौती र अवसरको खोजी गर्छ।

जबकि यसको सहरी केन्द्रहरूले द्रुत आधुनिकीकरणको अनुभव गरिरहेको छ। यसको जनसंख्याको एक महत्त्वपूर्ण भाग अझै पनि ग्रामीण क्षेत्रमा बसोबास गर्छ । जहाँ जीवन फरक गतिमा चल्छ । यी ग्रामीण समुदायहरू, तिनीहरूको अद्वितीय संस्कृति र परम्पराहरू, राष्ट्रको समग्र विकासका लागि अपार सम्भावनाहरू छन् । यद्यपि, तिनीहरूले असंख्य चुनौतीहरू पनि सामना गर्छन् जसले तिनीहरूको प्रगतिमा बाधा पुऱ्याउँछ। यसकारणले मुलुकको ग्रामीण विकासको जटिल परिदृश्यमा समावेश गर्छ। जसलाई पार गर्न आवश्यक पर्ने अवरोधहरू र सबै नेपाली नागरिकका लागि समृद्ध र समतामूलक भविष्य सिर्जना गर्न प्रयोग गर्न सकिने अवसरहरू दुवैको खोजी गर्छ। नेपालमा ग्रामीण विकासका चुनौतीहरू निम्न बुँदागत रूपमा उल्लेख गरिएको छ।

## भौगोलिक र पूर्वाधारीय अवरोध

नेपालले ग्रामीण विकासमा सामना गरिरहेको सबैभन्दा महत्त्वपूर्ण चुनौती भनेको यसको कठिन भौगोलिक भूभाग हो। जुन पहाडी परिदृश्यले सडक निर्माण, यातायात र सञ्चार पूर्वाधारलाई चुनौतीपूर्ण र महँगो बनाउँछ। जसले गर्दा धेरै ग्रामीण क्षेत्र पृथक् छन्। जसमा भन्ने नै हो भने स्वास्थ्य सेवा, शिक्षा र बजारजस्ता आवश्यक सेवाहरूमा पहुँच सीमित गर्दै आएको छ । यसर्थ, ग्रामीण नेपाल गम्भीर पूर्वाधार अभावबाट ग्रस्त छ । जहाँ राम्रोसँग मर्मत गरिएको सडक, पुल र यातायात सञ्जालको अभावले समुदायहरूलाई अलग्गै राखेको पाइन्छ । जसमा बजार, शिक्षा, स्वास्थ्य सेवा र अन्य आवश्यक सेवाहरूमा पहुँचमा बाधा पुऱ्याउँछ। यो पृथकताले सूचना र प्रविधिको प्रवाहलाई पनि सीमित बनाउँछ, ग्रामीण जनसंख्यालाई थप सीमान्तकृत गर्छ । अविश्वसनीय बिजुली आपूर्ति र इन्टरनेटजस्ता सञ्चार प्रविधिहरूमा सीमित पहुँचले यो समस्यालाई बढाउँछ।

## गुणस्तरीय शिक्षामा सीमित पहुँच

शिक्षा विकासको मेरुदण्ड हो । तर पनि ग्रामीण नेपाल गुणस्तरीय शिक्षाको अभावमा संघर्षरत छ। यसमा पनि धेरै गाउँमा अपर्याप्त विद्यालय, प्रशिक्षित शिक्षकको अभाव र अपर्याप्त सिकाइ सामग्री रहेका छन्। जसमा हेर्ने नै हो भने ग्रामीण क्षेत्रमा उच्च शिक्षा संस्थाको अभावले विद्यार्थीलाई सहरी केन्द्रमा बसाइँ सर्न बाध्य पार्छ । जसले गर्दा ब्रेन ड्रेन र जनसंख्या प्रतिदिन बढ्दो क्रममा रहेको छ।

## कमजोर स्वास्थ्य तथा शिक्षा सेवासुविधा

ग्रामीण नेपालमा स्वास्थ्य सेवा अपर्याप्त छन्। जसले गर्दा चिकित्सा पेसेवर, अस्पताल र आधारभूत चिकित्सा आपूर्तिको अभाव छ । यसमा पनि आधुनिक स्वास्थ्य सेवाको अभावका कारण धेरै ग्रामीण समुदाय परम्परागत औषधिमा निर्भर रहनुपरेको छ। विशेषगरी महिला र बालबालिका अपर्याप्त प्रसवपूर्व र प्रसवपश्चात् हेरचाहको कारण उच्च मातृ तथा शिशु मृत्युदरबाट पीडित छन् । जबकि गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच ग्रामीण नेपालको प्रमुख चिन्ताको विषय हो । फलतः विद्यालयमा प्रायः पर्याप्त पूर्वाधार, योग्य शिक्षक र स्रोतको अभाव हुन्छ । त्यसैगरी स्वास्थ्य सेवाहरू प्रायः टाढा हुन्छन्, कर्मचारी कम हुन्छन् र आवश्यक उपकरण र औषधिको अभाव हुन्छ। जबसम्म यी शिक्षा र स्वास्थ्य सेवामा यो सीमित पहुँचले गरिबीको चक्रलाई निरन्तरता दिन्छ र ग्रामीण क्षेत्रमा मानव विकासमा बाधा पुऱ्याउँछ ।

## सीमित आर्थिक अवसर

कृषि ग्रामीण जनसंख्याका लागि प्राथमिक पेसा बनेको छ। तर पुरानो कृषि प्रविधि, कमजोर सिँचाइ सुविधा र बजारमा पहुँचको अभावका कारण उत्पादकत्व झन्झन् कम हुँदै गएको छ। जुन ग्रामीण क्षेत्रमा औद्योगिकीकरण र रोजगारी सिर्जना न्यून छ। जसले गर्दा गरिबी र रोजगारीका लागि सहर वा विदेशमा पलायन हुने संख्यामा वृद्धि हुँदै गरेको छ ।

## राजनीतिक अस्थिरता र सुशासनका मुद्दा

नेपालले दशकौंदेखि राजनीतिक अस्थिरताको अनुभव गरेको छ। जसले ग्रामीण विकासका परियोजनाहरूलाई असर गरिरहेको छ। यसरी सरकारमा बारम्बार परिवर्तन, भ्रष्टाचार र अकुशल कर्मचारीतन्त्र प्रक्रियाहरूले दीर्घकालीन नीति कार्यान्वयनमा बाधा पुऱ्याउँछ । जसले गर्दा धेरैजसो ग्रामीण विकास आयोजना अव्यवस्थित, ढिलाइ र पारदर्शिताको अभावबाट ग्रस्त रहेका छन्। हाम्रो देशमा जम्मा ७ सय ५३ स्थानीय तहमध्ये ४ सय ६० गाउँपालिका रहेका छन्।

साथै, ६ महानगरपालिका ११ उपमहानगरपालिका र २ सय ७६ नगरपालिकाका अधिकांश क्षेत्र पनि ग्रामीण भूभाग नै रहेकाले पनि राष्ट्रमा ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसको संख्या धेरै छ। जसले गर्दा ग्रामीण विकास राष्ट्रको समग्र समृद्धिका लागि अति महत्त्वपूर्ण छ। ग्रामीण विकासले नै देशको समृद्धि झल्काउने यथार्थलाई हामी सबैले बुझ्नुपर्छ। तर, ग्रामीण आवश्यकता र प्राथमिकताका आधारमा पूर्वाधार निर्माण गर्न नसक्नु, थोपा विकासको अभ्यास, अस्थिर राजनीतिक अवस्था, विकास निर्माणमा जनसहभागिताको अभाव, राजनीतिक प्रतिबद्धताको कमी, भौगोलिक जटिलतालगायत ग्रामीण विकाससम्बन्धी अध्ययन र अनुसन्धानमा प्राप्त स्रोत र साधन पर्याप्त नहुनुजस्ता समस्याले नेपालमा ग्रामीण विकासको प्रयासले सन्तोषजनक उपलब्धि प्राप्त गर्न नसकिरहेको देखिन्छ । जसमा स्थानीय तहमा कमजोर शासन र संस्थागत क्षमताले ग्रामीण विकासमा महत्त्वपूर्ण चुनौतीहरू खडा गरेको छ। यसमा पनि भ्रष्टाचार, पारदर्शिताको अभाव र अकुशल सेवा प्रवाहले विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन र स्रोतसाधनको उपयोगमा बाधा पुऱ्याउँछ ।

## वातावरणीय चुनौती र जलवायु परिवर्तन

नेपाल जलवायु परिवर्तनको जोखिममा छ, बारम्बार पहिरो, बाढी र खडेरीले ग्रामीण समुदायलाई असर गरिरहेको छ। यसमा पनि खासगरीकन भन्ने नै हो भने वन फँडानी, माटोको कटान र पानीको अभावले कृषि र जीविकोपार्जनलाई थप खतरामा पार्छ । यसमा पनि हेर्ने नै हो भने धेरै ग्रामीण समुदायसँग जलवायु परिवर्तनसँग अनुकूलन गर्न र यसको प्रभावलाई कम गर्न स्रोत र ज्ञानको कमी छ। यसरी वन फँडानी, माटाको क्षय र पानीको अभावले ग्रामीण नेपालमा वातावरणीय समस्यालाई दबाब दिइरहेको छ । मूलतः दिगो कृषि अभ्यास, अति चरन र प्राकृतिक स्रोतको उत्खननले वातावरणीय ह्रास, जीविकोपार्जनलाई खतरामा पार्ने र जलवायु परिवर्तनको प्रभावहरूलाई बढावा दिन्छ। यद्यपि, देश जलवायु परिवर्तनको प्रभावहरूका लागि अत्यधिक जोखिममा छ। यसमा पनि बढ्दो तापक्रम, अनियमित वर्षाको ढाँचा र बाढी र खडेरीजस्ता प्राकृतिक प्रकोपको बढ्दो आवृत्तिले ग्रामीण समुदायलाई असमान रूपमा असर गर्छ । जो आफ्नो जीविकोपार्जनका लागि कृषि र प्राकृतिक स्रोतमा धेरै निर्भर छन् ।

## सामाजिक तथा सांस्कृतिक असमानता र भेदभाव

हाम्रो नेपाली समाजमा विद्यमान रहेको जातीय र लिंगमा आधारित सामाजिक असमानता ग्रामीण नेपालमा व्याप्त रहेको छ । जसमा भन्ने नै हो भने सीमान्तकृत समुदायले अक्सर शिक्षा, रोजगारी र राजनीतिक सहभागितामा भेदभावको सामना गर्छन् । जसमा भन्ने नै हो भने महिला, विशेषगरी, भूमिको स्वामित्व, आर्थिक स्वतन्त्रता र निर्णय लिने भूमिकामा अवरोध सामना गर्छन्। यसमा पनि भन्ने नै हो भने जातीय भेदभाव, लैंगिक असमानता र परम्परागत विश्वासजस्ता गहिरो जरा गाडिएका सामाजिक र सांस्कृतिक मान्यताले प्रायः ग्रामीण विकास प्रयासलाई बाधा पुऱ्याउँछन् । यी अवरोधले निश्चित समूहका लागि स्रोत र अवसरमा पहुँच सीमित गर्न सक्छ, तिनलाई विकास प्रक्रियामा पूर्ण रूपमा सहभागी हुनबाट रोक्छ ।

## आधुनिक प्रविधिमा सीमित पहुँच

आजको २१औं शताब्दीमा आएर सहरी र ग्रामीण क्षेत्रबीचको डिजिटल विभाजन महत्त्वपूर्ण छ । धेरै ग्रामीण समुदायमा इन्टरनेट, मोबाइल नेटवर्क र शिक्षा, स्वास्थ्य सेवा र आर्थिक अवसर बढाउन सक्ने आधुनिक प्रविधिमा पहुँच छैन ।

## गरिबी र असमानता

सहरी क्षेत्रहरूको तुलनामा उल्लेखनीय रूपमा उच्च एकाग्रताको साथ, गरिबी ग्रामीण नेपालमा एक व्यापक मुद्दा बनेको छ । जुन स्रोतसाधनमा सीमित पहुँच, रोजगारीका अवसरहरूको अभाव र कम कृषि उत्पादकत्वले यो निरन्तर गरिबीमा योगदान पुऱ्याउँछ। यो आर्थिक असमानताले सामाजिक असमानतालाई बढाउँछ, महिला, दलित र जातीय अल्पसंख्यकजस्ता कमजोर समूहलाई थप सीमान्तकृत गर्छ ।

## कृषि चुनौती

कृषि देशको ग्रामीण अर्थतन्त्रको मेरुदण्ड पनि हो । जसले ग्रामीण जनसंख्याको ठूलो बहुमतलाई रोजगारी दिन्छ। यद्यपि, परम्परागत खेती गर्ने अभ्यास, आधुनिक प्रविधिमा सीमित पहुँच र अनियमित वर्षा र खडेरीजस्ता जलवायु परिवर्तनका प्रभावले कृषि उत्पादकत्वमा महत्त्वपूर्ण चुनौती खडा गरेको छ। जसमा जमिनको खण्डीकरण, सिँचाइ सुविधाको अभाव र ऋण र बजारमा सीमित पहुँचले कृषि क्षेत्रको वृद्धिलाई थप बाधक बनाउँछ ।

## वित्तमा सीमित पहुँच

ग्रामीण समुदायमा प्रायः औपचारिक वित्तीय सेवामा पहुँचको अभाव हुन्छ । जसले आम्दानी सिर्जना गर्ने गतिविधिमा लगानी गर्ने र आफ्नो जीविकोपार्जनमा सुधार गर्ने उनीहरूको क्षमता सीमित हुन्छ। जसले गर्दा धितोको अभाव, वित्तीय साक्षरताको अभाव र धेरै ग्रामीण क्षेत्रको दुर्गमताले ऋण र अन्य वित्तीय उत्पादनमा पहुँचमा बाधा पुऱ्याउँछ ।

नेपालमा ग्रामीण विकासबाट अवसर प्राप्त गर्नका लागि आधुनिकीकरण, सिँचाइ र अर्ग्यानिक खेतीमा लगानी भएमा कृषिमा सम्भावना छ। त्यस्तैगरी कृषि प्रशोधन उद्योगले मूल्य बढाउन र रोजगारी सिर्जना गर्न सक्छ। वस्तुतः पर्यटन अर्को ठूलो अवसर पनि हो । यसमा पदयात्रा, सांस्कृतिक पर्यटन, होमस्टे आदि छन्। तर, यसका लागि पूर्वाधार र सांस्कृतिक सम्पदाको संरक्षण चाहिन्छ । जसमा जलविद्युत्, सौर्य र लघु जलविद्युत्जस्ता नवीकरणीय ऊर्जाले दुर्गम क्षेत्रमा विद्युत् उपलब्ध गराउने र निर्यातबाट समेत राजस्व उठाउन सक्छ । यसका अलवा स्थानीय सरकारलाई अधिकारसम्पन्न र स्रोतसाधनको उचित बाँडफाँट भएमा संघीय प्रणाली अवसर हुन सक्छ। जसमा विकेन्द्रीकरणले ग्रामीण क्षेत्रका लागि थप अनुकूल समाधानहरू ल्याउन सक्छ।

पूर्वाधार विकासलाई अगाडि बढाउने : ग्रामीण क्षेत्रमा सडक सञ्जाल, विद्युतीकरण र दूरसञ्चार पूर्वाधारको सुधारले विकासमा परिवर्तन ल्याउन सक्छ । यातायात र डिजिटल कनेक्टिभिटीमा सरकारी र निजी क्षेत्रको लगानीले आर्थिक गतिविधि र अत्यावश्यक सेवाहरूमा पहुँच बढाउन सक्छ।

## दिगो कृषि प्रवर्धन तथा कृषि सम्भाव्यता

यान्त्रीकरण, सुधारिएको सिँचाइ प्रणाली र अर्गानिक खेतीका अभ्यासहरू मार्फत कृषिको आधुनिकीकरणले उत्पादकत्व बढाउन सक्छ। कृषकहरूलाई तालिम, आर्थिक सहयोग र बजारमा पहुँच प्रदान गर्दा ग्रामीण अर्थतन्त्र फस्टाउन मद्दत गर्न सक्छ। कृषि पर्यटन र मूल्यवर्धित कृषि उत्पादनहरूले ग्रामीण समुदायका लागि थप राजस्व प्रवाहहरू प्रदान गर्छ । यसमा देखिएका चुनौतीको बावजुद, देशको विविध कृषि-पारिस्थितिक क्षेत्रहरूले कृषि विविधीकरण र वृद्धिका लागि अपार सम्भावना प्रदान गर्छ । यसका साथै दिगो कृषि अभ्यास प्रवर्धन, सिँचाइ र पूर्वाधारमा लगानी र आधुनिक प्रविधि र बजारमा पहुँच प्रदान गर्नाले कृषि उत्पादकत्वमा उल्लेख्य वृद्धि गर्न र ग्रामीण जीवनस्तरमा सुधार ल्याउन सकिन्छ ।

## शिक्षा र सीप विकास सुदृढीकरण

विद्यालयको पूर्वाधार सुधार, शिक्षक तालिम र छात्रवृत्ति उपलब्ध गराएर ग्रामीण शिक्षामा लगानी गर्नाले सहरी-ग्रामीण शिक्षाको खाडल घटाउन मद्दत मिल्छ। स्थानीय आवश्यकताअनुरूप व्यावसायिक तालिम र सीप विकास कार्यक्रमले रोजगारीका अवसरहरू सिर्जना गर्न र बसाइँसराइ कम गर्न सक्छ ।

**ग्रामीण स्वास्थ्य सेवा** : ग्रामीण स्वास्थ्य सेवा विस्तार गर्न, मोबाइल चिकित्सा एकाइहरू तैनाती र टेलिमेडिसिनको लाभ उठाउँदा स्वास्थ्य सेवा पहुँच सुधार गर्न सकिन्छ । स्थानीय स्वास्थ्यकर्मीहरूलाई तालिम दिनु र अत्यावश्यक औषधिहरूको उपलब्धता सुनिश्चित गर्नाले ग्रामीण स्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउन सक्छ ।

## ग्रामीण उद्यमशीलता र पर्यटन प्रवर्धन

नेपालको समृद्ध सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्यले ग्रामीण पर्यटनका लागि प्रशस्त अवसर प्रदान गर्छ । इको टुरिजम, होमस्टे र सामुदायिक पर्यटनको विकासले रोजगारी सिर्जना गर्न र स्थानीय परम्पराको संरक्षण गर्न सकिन्छ । कृषि, हस्तशिल्प र स्थानीय उद्योगहरूमा साना र मझौला उद्यमहरू (एसएमई) लाई प्रोत्साहन गर्नाले ग्रामीण अर्थतन्त्रलाई बढावा दिन सक्छ । उद्यमशीलताको संस्कृतिलाई बढावा दिन र ग्रामीण उद्यमीहरूलाई सहयोग प्रदान गर्नाले नयाँ आर्थिक अवसर सिर्जना गर्न र ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्न सक्छ। यसमा वित्त, व्यवसाय विकास सेवाहरू र प्रविधिमा पहुँच उपलब्ध गराउनुका साथै ग्रामीण व्यवसायहरू फस्टाउनका लागि अनुकूल नीतिगत वातावरण सिर्जना गर्ने समावेश छ।

सुशासन र सामुदायिक सहभागितालाई प्रोत्साहन गर्ने : पारदर्शी नीति, सहभागितामूलक योजना र सामुदायिक संलग्नतामार्फत स्थानीय शासनलाई सुदृढ गर्नाले ग्रामीण विकासको नतिजामा सुधार ल्याउन सकिन्छ। स्थानीय सरकारहरूमा शक्ति र वित्तीय स्रोतको विकेन्द्रीकरणले जवाफदेहिता र प्रभावकारी परियोजना कार्यान्वयनलाई बढाउन सक्छ । जुन स्थानीय समुदायलाई सशक्त बनाउन र विकासमा सहभागितामूलक दृष्टिकोणलाई प्रवर्धन गर्नाले विकास पहलहरू स्थानीय आवश्यकता र प्राथमिकताअनुरूप हुने सुनिश्चित गर्न सकिन्छ । सामुदायिक नेतृत्वको विकासले विकास प्रक्रियामा स्वामित्व, दिगोपन र समावेशिता बढाउन सक्छ।

जलवायु लचिलोपन र पर्यावरण संरक्षण : पुनरुत्थान, जलाधार व्यवस्थापन, र नवीकरणीय ऊर्जा अपनाउनेजस्ता दिगो अभ्यासहरूलाई प्रवर्धन गर्नाले वातावरणीय चुनौतीलाई कम गर्न सकिन्छ । जलवायु अनुकूलन कार्यक्रम र विपद् पूर्वतयारी पहलले ग्रामीण समुदायलाई प्राकृतिक प्रकोपहरूको सामना गर्न मद्दत गर्न सक्छन् ।

## प्रविधि उपयोग

प्रविधिले ग्रामीण विकासमा परिवर्तनकारी भूमिका खेल्न सक्छ। जसमा इन्टरनेट र मोबाइल प्रविधिको पहुँच विस्तारले ग्रामीण समुदायलाई सूचना, बजार र अवसरसँग जोड्न सक्छ। जसलेगर्दा डिजिटल साक्षरता प्रवर्धन गर्न र ई-वाणिज्य र अन्य प्रविधिमा आधारित समाधानको विकासलाई समर्थन गर्दै ग्रामीण जनसंख्यालाई सशक्त बनाउन र आर्थिक वृद्धिलाई अगाडि बढाउन सक्छ। यसरी ग्रामीण क्षेत्रमा डिजिटल साक्षरता र सूचना प्रविधिको पहुँच विस्तारले विकासको खाडललाई पूरा गर्न सक्छ । यसको साथसाथै ई-लर्निङ, ई-कमर्स, र मोबाइल बैंकिङ सेवाहरूले ग्रामीण समुदायका लागि शिक्षा, आर्थिक सहभागिता र वित्तीय समावेशीकरण बढाउन सक्छ।

**नवीकरणीय ऊर्जा स्रोतहरू** : नेपालमा प्रचुर मात्रामा नवीकरणीय ऊर्जा स्रोत छन्। यसमा पनि विशेषगरी जलविद्युत् विकेन्द्रीकृत नवीकरणीय ऊर्जा समाधानमा लगानी गर्नाले ग्रामीण क्षेत्रहरूमा ऊर्जाको कमीलाई सम्बोधन गर्न, कृषि, साना व्यवसायहरू र घरपरिवारलाई ऊर्जा प्रदान गर्न सक्छ । साथै, जलवायु परिवर्तन न्यूनीकरणमा पनि योगदान पुऱ्याउँछ ।

**पारिस्थितिक पर्यटन र सांस्कृतिक पर्यटन** : नेपालको अचम्मको प्राकृतिक सौन्दर्य र समृद्ध सांस्कृतिक सम्पदाले पारिस्थितिक पर्यटन र सांस्कृतिक पर्यटन विकासका लागि महत्त्वपूर्ण अवसर प्रदान गर्छ। जसमा दिगो पर्यटन अभ्यास प्रवर्धन गर्नाले स्थानीय समुदायका लागि आय आर्जन गर्न, रोजगारीका अवसर सिर्जना गर्न र सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण गर्न सकिन्छ ।

## रेमिट्यान्स

प्रवासी कामदारबाट आउने रेमिट्यान्स ग्रामीण क्षेत्रमा लगानीको महत्त्वपूर्ण स्रोत हुन सक्छ। वित्तीय साक्षरता प्रवर्धन र वित्तीय सेवाहरूमा पहुँच प्रदान गर्नाले आय आर्जन गर्ने गतिविधि र स्थानीय विकास पहलहरूमा रेमिट्यान्सको उत्पादक उपयोगलाई प्रोत्साहित गर्न सक्छ ।

## मूल्य शृंखला विकास

कृषि र गैर-कृषि उत्पादनको लागि बलियो मूल्य शृंखला विकास गर्नाले ग्रामीण उत्पादकका लागि बजार पहुँच बढाउन र उनीहरूको आम्दानी बढाउन सक्छ । यसमा उत्पादक, प्रोसेसर र बजारबीचको सम्बन्ध सुदृढ पार्नुका साथै मूल्य अभिवृद्धिलाई समर्थन गर्न पूर्वाधार र प्रविधिमा लगानी गर्नु समावेश छ ।

## शिक्षा र स्वास्थ्य

ग्रामीण क्षेत्रमा शिक्षा र स्वास्थ्य सेवामा लगानीलाई प्राथमिकता दिनु मानव विकासका लागि महत्त्वपूर्ण छ। यसर्थ पूर्वाधारमा सुधार, शिक्षक र स्वास्थ्य सेवा व्यवसायीलाई तालिम दिन र छात्रवृत्ति र प्रोत्साहन प्रदान गर्नाले दक्ष जनशक्तिलाई ग्रामीण क्षेत्रमा आकर्षित गर्न र गुणस्तरीय सेवामा पहुँच सुधार गर्न सकिन्छ ।

## विकेन्द्रीकरण र स्थानीय शासन

स्थानीय शासनको सुदृढीकरण र स्थानीय निकायलाई सशक्त बनाउन सेवा प्रवाहमा सुधार र सहभागितामूलक विकासलाई प्रवर्धन गर्न सकिन्छ। यसमा स्थानीय सरकारलाई थप शक्ति र स्रोत हस्तान्तरण गर्नुका साथै विकास कार्यक्रमको योजना, कार्यान्वयन र अनुगमन गर्ने क्षमता अभिवृद्धि गर्नु समावेश छ ।

निष्कर्षमा भन्नुपर्दा मुलुकको ग्रामीण विकासले महत्त्वपूर्ण चुनौतीको सामना गरिरहेको छ । तर, रणनीतिक योजना र लक्षित लगानीले यी अवरोधहरू पार गर्न सकिन्छ । यसमा पनि दिगो अभ्यास र सुशासनको प्रवर्धन गर्दै पूर्वाधार, शिक्षा, स्वास्थ्य सेवा र आर्थिक अवसरको प्रवर्धनले समृद्ध ग्रामीण नेपालको बाटो खोल्न सक्छ। यसले गर्दा राष्ट्रमा दिगो ग्रामीण विकास हासिल गर्न स्थानीय स्रोतसाधनको उपयोग, समुदायको सशक्तीकरण र प्राविधिक विकासलाई आत्मसात् गर्नु महत्त्वपूर्ण हुनेछ ।

अतः देशको ग्रामीण क्षेत्रको भविष्य समावेशी र दिगो विकासका लागि उपलब्ध अवसरको सदुपयोग गर्दै वर्तमान चुनौतीलाई सम्बोधन गर्ने सन्तुलित दृष्टिकोणमा निहित छ। यसको साथसाथै राष्ट्रमा ग्रामीण विकास एउटा जटिल र बहुआयामिक चुनौती हो। जसमा भन्ने नै हो भने विद्यमान अवरोध पार गर्न र उपलब्ध अवसरको सदुपयोग गर्न गरिबी र असमानताका मूल कारणलाई सम्बोधन गर्ने समग्र र एकीकृत दृष्टिकोण आवश्यक छ। यसले बलियो राजनीतिक इच्छाशक्ति, प्रभावकारी शासन र स्थानीय समुदाय, नागरिक समाज संगठन, निजी क्षेत्र र विकास साझेदारलगायत सबै सरोकारवालाको सक्रिय सहभागिताको माग गर्छ। जसमा भन्ने नै हो भने पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य सेवा र नवीकरणीय ऊर्जामा लगानी गर्दै दिगो पर्यटन, उद्यमशीलता र समुदायमा आधारित विकासलाई प्रवर्धन गर्दै मुलुकले आफ्ना ग्रामीण क्षेत्रका अथाह सम्भावनालाई उजागर गर्न र सबैका लागि थप समृद्ध र समतामूलक भविष्य निर्माण गर्न सक्छ। मूलतः ग्रामीण विकासतर्फको यात्रा चुनौतीविहीन छैन, तर अवसर प्रशस्त छन् र सामूहिक प्रयासले नेपालले आफ्नो ग्रामीण परिवेशलाई रूपान्तरण गरी उज्यालो भोलिको निर्माण गर्न सक्छ ।

---

## टिप्पणी प्रतिक्रिया

### हामीलाई बाघबाट बचाइदिनुपऱ्यो

करिब एक सातादेखि भक्तपुरको सिपाडोलमा बाघ देखा पर्न थालेको छ । यो समस्या हालै पुनः सुरु भएको हो । केही वर्षअघि यस्तो समस्या सुनिन्थ्यो। यसले गर्दा स्थानीय बासिन्दाहरू चिन्तित भई घाम छँदै ढोका लगाई बस्नुपर्ने बाध्यता देखिएको छ। जाडो महिना भएको कारण बिहान ६ बजे नै अँध्यारो हुन्छ, जसले गर्दा कलेज जाने विद्यार्थी पनि डरैडरमा बस कुरेर बस्न बाध्य छन्। एकान्त बाटो, अँध्यारो वातावरण र बाघको डरले आमाबुबा पनि छोराछोरीलाई बिहान पठाउन त्रसित हुने गर्छन् ।

सहरको छेउ भए पनि गाउँको वातावरण भएको सिपाडोलमा घरपालुवा जनावर पनि पालिएका छन् । त्यस्ता घरले अझ बढी बाघको डर भोगेका छन्। यस्ता धेरै पीडितमध्ये एक बासिन्दा हुन् रामकला थापा । उनी भन्छिन्, 'घर छोडी माइतघरमा एक्लै खेती किसानी गरी गाईबस्तु पालेर धेरै वर्षदेखि बसिरहेछु। पुरानो माटाको घर भएको कारण ढोका र गोठ पनि खासै दरिलो छैनन्। त्यहीकारण केही महिनाअघि चितुवाले सम्साँझमै गाईको



बाच्छो माऱ्यो, अहिले पनि त्यही समस्या दोहोरिँदा यी गाईबस्तु र आफ्नो ज्यानको साह्रै पिर लाग्छ । वरपर नजिकै घर छैन। यो समस्याले निकै तड्पाइरहेछ।'

खानेकुराको हाहाकार भएको कारण बाघ यसरी सताइरहेको अन्य गाउँको बासिन्दाको भनाइ छ । सो बाघ एक्लै नआएर आफ्ना बच्चाहरू पनि ल्याउने गरेको स्थानीय बताउँछन्। कुकुर बस्ने ठाउँ पनि घरबाहिर हुने कारणले गाउँको रक्षा गर्ने कुकुरहरू पनि यही कारण कम देखिन थालेका छन्। यो समस्याले हरेक जीवजन्तुसहित सिपाडोलबासीलाई तर्साइरहेको छ। अहिलेको मौसममा खेतबारीमा खासै गर्मीयाममा जस्तो मकै छर्दिन । अरू बालीनाली पनि लगाइँदैन । त्यही कारण पनि यस्तो समस्या देखिएको छ । मकै छर्ने याममा मकैको बोट झाँगिँदा झन् डर हुनेछ। त्यसैले समयमै यस समस्यालाई समाधान गर्नुपर्छ। कि त ती समस्यामा परेका बासिन्दालाई वडाले राहत प्रदान गर्नुपऱ्यो नत्रभने वन्यजन्तु प्रशासनमा गई यसबारे छलफल गर्न निकै जरुरी छ । यस विषयमा सिंगो सूर्यविनायक नगरपालिका र वडा नं ८ सिपाडोलको ध्यान जान निकै आवश्यक भइसकेको छ। यस समस्याप्रति वडा समितिले पनि ध्यान पु)ऱ्याएमा वडाबासीको पिर अलि कम हुने थियो।

● रोजी बस्नेत
*सूर्यविनायक-८, सिपाडोल, भक्तपुर*

## राजेन्द्र महतोको निष्कर्ष

# कांग्रेस दक्षिणपन्थी ध्रुवमा खुम्चियो, एमाले नवपुँजीवादी स्वार्थमा फस्यो

**सुभाष साह/राजधानी**

काठमाडौं, १४ फागुन

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार चीनको सहयोगमा बनेको टिप्पणी गरेका छन्। उनले ओली नेतृत्वको सरकार धेरै दिन नटिक्ने दाबीसमेत गरेका छन्।

मुक्ति पार्टीको केन्द्रीय समितिको बैठकमा राजनीतिक प्रतिवेदन पेस गरेका महतोले 'गोर्खाली सत्ता कमजोर बनेसँगै नयाँ बहुलराष्ट्रिय राज्य व्यवस्थाको माग तीव्र बनेको' जनाएका छन्। साथै, उनले ओली नेतृत्वको सरकार आफ्नो पार्टीका 'आसेपासे र नेताहरूलाई' खुसी राख्नमै केन्द्रित रहेको जनाएका छन्।

'चीनको सहयोगमा बनेको नेकपा लामो समय टिक्न नसकेको जस्तै कांग्रेस र एमाले गठबन्धन पनि लामो समयसम्म टिक्ने सम्भावना कम छ, गोर्खाली सत्ता कमजोर बनेसँगै नयाँ बहुलराष्ट्रिय राज्य व्यवस्थाको माग तीव्र बनेको छ,' महतोले भनेका छन्। उनले नेपालको वर्तमान राजनीतिक, आर्थिक र सामाजिक संकटको जरो ऐतिहासिक गोर्खाली औपनिवेशिक संरचना भएको जनाएका छन्। यसले विविधतालाई सम्मान गर्दै नयाँ बहुलराष्ट्रिय राज्य प्रणालीमार्फत मुलुकलाई समृद्धि र स्थिरतामा पुर्‍याउने अवसरको खाँचो स्पष्ट गरेको महतोले जनाएका छन्।

त्यस्तै, महतोले राजनीतिक प्रतिवेदनमा प्रमुख राजनीतिक दलको चरित्र र सम्बन्धका बारेमा समेत चर्चा गरेका छन्। नेपाली कांग्रेसलाई उनले दक्षिणपन्थी ध्रुवमा खुम्चिएको पार्टी भएको टिप्पणी गरेका छन्। अनुदार कन्जर्भेटिभ दृष्टिकोण अँगाल्दै लोकतन्त्रलाई केवल औपचारिक र सीमित दायरामा सीमित गराएको पार्टी कांग्रेस भएको उनको टिप्पणी छ।

'नेपाली कांग्रेस हाल क्लासिकल लिबरल्सको स्वरूपमा सीमित छ। जसले न बहुसांस्कृतिक सुधारको पक्षपोषण गर्छ, न त सामाजिक न्यायको परिप्रेक्ष्यलाई स्विकार्छ, यसले अझै पनि एकल सांस्कृतिक राष्ट्र राज्यको अवधारणा अँगालेर आफ्नो वर्णीय-वर्गीय स्वार्थ सुरक्षित राख्न चाहन्छ,' कांग्रेसबारेमा महतोले भनेका छन्।

दलाल र नोकरशाही पुँजीवादलाई अँगाल्दै कांग्रेस अन्तर्राष्ट्रिय नवसाम्राज्यवादप्रति झुकेको महतोको निष्कर्ष छ। कांग्रेसले राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनेभन्दा परनिर्भरता सिर्जना गरिरहेको पार्टी भएको उनले जनाएका छन्। कांग्रेस २१औं शताब्दीको राष्ट्रिय मुक्तिको प्राथमिक विपक्षी शक्ति भएको महतोको निष्कर्ष छ। उनले जातीय, लैंगिक, क्षेत्रीय र सामुदायिक समानताका मुद्दाहरूमा कांग्रेस पूर्ण रूपमा अनुदार र असहिष्णु भएको टिप्पणी गरेका छन्।

यसैगरी, महतोले नेपाल कम्युनिस्ट पार्टी (एमाले) प्रारम्भमा उत्पीडित जातिवर्गको प्रतिनिधित्व गर्ने दाबी गरे पनि हाल नवपुँजीवादी र मध्यम वर्गीय स्वार्थमा फसेको पार्टीका रूपमा चित्रण गरेका छन्। 'कम्युनिस्ट र वैचारिकताबाट टाढा रहेर पुँजीवादी र अवसरवादको मिश्रण भएको यस पार्टीले स्पष्ट नीति निर्माण गर्न असफल भएको छ, यद्यपि कम्युनिस्ट विचारधारा नै विश्वव्यापी रूपमा असफलसिद्ध भइसकेको छ, एक त असफल विचारधारा, अर्को सो विचारधाराबाट पनि अलग भएको हुँदा यो गुट सबैभन्दा बढी अवसरवादी भएको छ,' एमालेका बारेमा महतोले राजनीतिक प्रतिवेदनमा उल्लेख गरेका छन्।

अवसरवादी चरित्र प्रदर्शन गर्दै एमाले आफ्नो अस्तित्व जोगाउन जुनसुकै सम्झौता गर्न पछि नपर्ने पार्टी भएको महतोले टिप्पणी गरेका छन्। संविधानसभा र राज्यविहीन राष्ट्रको नकारात्मक भूमिका खेलेपछि एमालेभित्र रहेका उत्पीडित राष्ट्रियताका नेता कार्यकर्ताले सम्बन्धविच्छेद गरेको र त्यो सम्भावना अझै व्यापक रहेको उनले जनाएका छन्।

'हाल यो पार्टी स्वदेशी जनताको अधिकारलाई दबाउने र राष्ट्रिय मुक्तिको आन्दोलनलाई समाप्त पार्ने दिशामा अग्रसर छ,' महतोले भनेका छन्, 'एमाले आफ्नो अस्थिर र अवसरवादी नीतिका कारण राष्ट्रिय मुक्तिका लागि सबैभन्दा खतरनाक शक्ति हो, यसलाई प्रमुख प्रतिस्पर्धी शक्तिका रूपमा चिह्नित गर्दै, यसको प्रतिरोधमा विशेष ध्यान दिन आवश्यक छ।'

यसैगरी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) निम्न पुँजीवादी संशोधनवादमा फस्दै गएको महतोले विश्लेषण गरेका छन्। २०५२ सालबाट जनयुद्ध सुरु गर्दै तत्कालीन माओवादीले वर्ग संघर्ष र राष्ट्रिय मुक्तिलाई समाहित गर्ने प्रयास गरेको थियो। यस दलले प्रचण्डपथका माध्यमबाट २१औं शताब्दीको जनवादलाई नेपाली सन्दर्भमा संश्लेषण गर्दै जनयुद्धलाई उच्चतम स्तरसम्म पुर्‍याएको उनले जनाएका छन्। तर, हेटौंडा महाधिवेशनपछि माओवादी केन्द्र निम्न पुँजीवादी संशोधनवादमा फस्दै गएको उनले जनाएका छन्।

माओवादी केन्द्रको जनयुद्धको ऐतिहासिक भूमिका बारेमा महतोले उल्लेख गरेका छन्, '२०५९ सालसम्म जनयुद्धले देशभित्र र बाहिर जनसमर्थन बटुल्दै ठूलो प्रभाव पारेको थियो, राष्ट्रिय/जातीय मुक्तिका सवाल जनयुद्धताका अत्यधिक उठाए पनि अन्तरिम संविधान निर्माण बखत ती सबै मुद्दाको विसर्जन गर्न पुगे भने २०७२ सालको संविधान निर्माणताका प्रचण्ड आफैं पनि दाहाल मात्रै बने, सारा मुद्दाको विसर्जन गरेपछि त झन् पार्टी नेतृत्वले सत्ता स्वार्थका लागि जनयुद्धका बलिदानलाई केवल उपयोगी औजारका रूपमा प्रयोग गर्‍यो।'

प्रचण्ड र बाबुराम भट्टराई नेतृत्वले १७ हजार युवाको बलिदानलाई प्रयोगका रूपमा हेर्न थालेपछि पार्टीप्रति उत्पीडित जाति, वर्गका जनताहरूको विश्वास गुमेको महतोले जनाएका छन्। माओवादी केन्द्र अहिले वर्ग संघर्ष र राष्ट्रिय मुक्तिको कुनै पनि पक्षलाई निष्कर्षमा पुर्‍याउने इच्छाशक्ति वा क्षमता नराखेको पार्टी माओवादी भएको उनले जनाएका छन्। 'माओवादी केन्द्रले सत्ता स्वार्थका लागि अवसरवाद अपनाउँदै आफ्ना आदर्शलाई त्यागेको छ, यसले उत्पीडित जनताको विश्वास गुमाउँदै गएको छ र राष्ट्रिय मुक्तिको आन्दोलनलाई झन् कमजोर बनाएको छ, यस पार्टीमा राष्ट्रिय मुक्ति हुन्छ कि भनेर लागेकाहरू छोड्दै गएका छन्, जुन भविष्यमा अझै बढ्दै जानेछ,' महतोले भनेका छन्।

त्यस्तै, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) एमाले अध्यक्ष केपी शर्मा ओलीसँगको व्यक्तिगत विवादका कारण एमालेबाट फुटेर बनेको पार्टी भएको उनले जनाएका छन्। 'विचारधाराको दृष्टिबाट एमालेलाई बुझ्यो भने यो पनि उस्तै हो, बुझ्न गाह्रो छैन, नेतृत्वको दृष्टि मात्रै फरक हो, यसको कुनै स्पष्ट विचारधारा वा दीर्घकालीन योजना छैन।'

नेकपा (विप्लव)का बारेमा महतोले एक समय उग्र वामपन्थी धारमा रहेको शक्ति अहिले संसदीय राजनीतिमा प्रवेश गर्ने दिशामा रहेको चित्रण गरेका छन्। विप्लव नेतृत्वको नेकपाले पनि राष्ट्रिय संघर्षलाई केवल उपयोगवादका रूपमा प्रयोग गरिरहेको टिप्पणी उनको छ।

'आजका कम्युनिस्ट शक्तिहरू एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी वा विप्लव सबैजसो आफ्नो वर्गीय र राष्ट्रिय संघर्षलाई स्पष्ट रूपमा परिभाषित गर्न असमर्थ छन्, यी सबै शक्ति सत्ता स्वार्थका लागि अवसरवादी बनेका छन्, यथार्थ के हो भने कम्युनिस्ट विचारधाराबाट राष्ट्रिय मुक्ति सम्भव नै छैन, हाम्रो पार्टीको दृष्टिकोणले कम्युनिस्ट शक्तिहरूलाई प्राथमिक प्रतिद्वन्द्वीका रूपमा हेर्नुपर्छ, सशक्त वैचारिक र रणनीतिक तयारीमार्फत यी शक्तिलाई चुनौती दिन आवश्यक छ,' महतोले सबै कम्युनिस्ट पार्टीबारे भनेका छन्।

यसैगरी, मधेसी राष्ट्रिय मुक्ति शक्तिहरूका बारेमा उनले ऐतिहासिक रूपमा विश्वव्यापी राष्ट्रिय मुक्ति आन्दोलनबाट प्रेरणा लिएको भए पनि ती निम्नपुँजीवादी अवसरवादबाट गहिरो रूपमा प्रभावित भएको टिप्पणी गरेका छन्। मधेसी शक्तिहरूको उदय मधेसको सामाजिक, राजनीतिक स्थितिबाट मात्र नभई उत्तर जनयुद्धकालीन विशेष रणनीतिक आवश्यकताबाट पनि भएको बुझाइ महतोको छ।

गौर विद्रोहले मधेस आन्दोलनलाई राजनीतिक मान्यता दिलाएको भए पनि त्यसपछिका मधेसी नेतृत्वहरू निम्न पुँजीवादी अवसरवादमा फसेको महतोले जनाएका छन्। मधेसी शक्तिहरू सैद्धान्तिक र राजनीतिक दृष्टिकोणबाट कमजोर देखिए र केवल स्वार्थी नेताहरूको झुन्डमा सीमित हुदैजाँदा प्राप्त उपलब्धि पनि संस्थागत गर्न नसकेको निष्कर्ष महतोको छ।

## सूर्य नेपाल एनपीजीए टुर च्याम्पियनसिप : दोस्रो दिन तोरणको अग्रता कायमै

**काठमाडौं/रास-** सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत पाँचौं प्रतियोगिता सूर्य नेपाल एनपीजीए टुर च्याम्पियनसिपमा दोस्रो दिन तोरणविक्रम शाही ४-अन्डर ६८ को स्कोरमा शीर्षस्थानमा कायमै रहेका छन्। ११-अन्डर १३३ सहित उनले निरज तामाङलाई ३ स्ट्रोकले पछि पारे।

धरानका निरजले बुधबार उत्कृष्ट स्कोर कार्ड निकाले। ५-अन्डर ६७ सहित ८-अन्डर १३६ को स्कोरमा दोस्रो स्थानमा रहे। २-अन्डर १४२ को स्कोर बनाएका टंकबहादुर कार्की र दिनेश प्रजापति तेस्रो स्थानमा उक्लिए। दुवैले समान इभन-पार ७२ मा दोस्रो दिनको खेल सकाएका थिए। 'नेपाल नम्बर १' भुवन नगरकोटी, रमेश अधिकारी र जयराम श्रेष्ठ १-अन्डर १४३ सहित संयुक्त रूपमा पाँचौं स्थानमा रहेका छन्।

**Gandaki Provincial Government**

Ministry of Energy, Water Resources and Water Supply

**Water Resources and Irrigation Development Division Office Baglung**

**Invitation for National Competitive Bidding**

First date of publication: 2025-02-27 (2081-11-15 BS)

1. Water Resources and Irrigation Development Division Office, Baglung invites the following electronic National Competitive Bids (NCB) for the eligible national bidders for the contracts given below.

| S. N. | Contract I.D. | Description and Location of Work | Estimated Amount (Excluding VAT and Including PS) (NRs) | Fee for bid document (NRs) | Bid Security amount in (NRs) | Last Date of Submission |
|---|---|---|---|---|---|---|
| 1 | WRIDDO/BAGLUNG/WORKS/CRLIP/NCB-03/081/82 | Construction of lined canal, Suspended Crossing and associated structures of Chheldar Ratamata Lawang IP, Tarakhola RM 4, 5, Baglung | **1733506.82** | **3000/-** | **51000/-** | 30 March, 2025 (2081/12/17 BS) 12:00 hrs |
| 2 | WRIDDO/BAGLUNG/WORKS/DLBIP/NCB-04/081/82 | Construction of RCC canal, chamber and pipeline works of Dadarkhola Lamkhung Birauta IP, Kathekhola RM 5, Bihu, Baglung | **4669349.42** | **3000/-** | **161000/-** | |
| 3 | WRIDDO/BAGLUNG/WORKS/TDCTIP/NCB-05/081/82 | Construction of RCC canal, pipeline works and associated structures of Thulachaur Dhadkharka Chichaur Thulabesi IP, Badigad RM 6, Baglung | **14624845.19** | **3000/-** | **500000/-** | |

2. For further Details Bidders are requested to visit the WRIDD Office, Baglung, Telephone 068-520175, email: irr.baglung@gmail.com or may visit PPMO's website https://bolpatra.gov.np/egp.

**Division Chief**

PANCHKHAL MUNICIPALITY

**OFFICE OF MUNICIPAL EXECUTIVE**

PANCHKHAL, KAVREPALANCHOK

BAGAMATI PROVINCE, NEPAL

**INVITATION FOR BID**

**Date of publication: 2081/11/15**

**Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in the table below) under National Competitive Bidding procedures.**

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT & PS ) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | **PMW1/NCB/WORKS/04/2081/082** | **Anaikot Cultural Sahid Park Nirman** | 87,65,757.77/- | 2,20,000/- | 3,000/- |
| 2 | **PMW6/NCB/WORKS/04/2081/082** | **Pipaltar Community Building** | 17,09,884.94/- | 45,000/- | 3,000/- |

| Code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 30-365-15 Rajashwa Shirshak no. 11691 | **Nepal Bank ltd., Panchkhal Branch** **For Bid Fee** Account No.- 12403000001001000001 Account Name :- Panchkhal GA 1.1 AANTARIK RAJASWA **For Bid Security** Account No.- 12403000003000000001 Account Name :- GA 3.1 Panchkhal Na PaSTHANIYA TAHA | Panchkhal Municipality Office at 1:00 PM, 2081/12/07 BS or 2025/03/20 AD | on or before 12:00 Noon on 2081/12/17 | 2081/12/17 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of ***Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or*** may visit PPMO website www.bolpatra.gov.np/egp.

***Chief Administrative Officer***

**म्याग्दे गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

छाङ्ग, तनहुँ

गण्डकी प्रदेश, नेपाल

**ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरुको लिलाम बिक्रीका लागि विद्युतिय माध्यमवाट बोलपत्र आव्हान सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मितिः २०८१/११/१५)

यस म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१/११/०५ गतेको निर्णय बमोजिम तपशिलमा उल्लेखित स्थानहरुमा रहेका ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा विद्युतिय माध्यमवाट बोलपत्र आह्वान गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, ठेक्का प्रक्रियामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| सि.नं | सूचना नं./ बोलपत्र न. | सामाग्रिहरुको विवरण | परिणाम (घन फिट) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | MRM-२८-२०८१/०८२ | थुप्रो नं. १- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाङ्ग ७/ङ, कित्ता नं.- ५३,५४ र ५५ को जग्गाहरु, जि. पि. एस. विन्दु २७°५८'१८'' उत्तरी अंक्षाश ८४°०७'३५'' पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा | ९,०१,४०८/- | रु. ८१,१२,६७२/- (एकासी लाख बाह्र हजार छ सय बहत्तर रुंपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/- (दूई हजार रुंपैया मात्र) |
| २ | MRM-२९-२०८१/०८२ | थुप्रो नं. ४- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाङ्ग ७/ङ, कित्ता नं.- २७ र २८ को जग्गाहरु, जि. पि. एस. विन्दु २७°५८'१०'' उत्तरी अंक्षाश ८४°०७'३१'' पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,७६,८९६/- | रु. २४,९२,०६४/- (चौवीस लाख वयानब्बे हजार चौसट्ठी रुंपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/- (दूई हजार रुंपैया मात्र) |
| ३ | MRM-३०-२०८१/०८२ | थुप्रो नं. ६- म्याग्दे-३ झिरलौदी, मा जि. पि. एस. विन्दु २७°५७'५१'' उत्तरी अंक्षाश ८४°०९'५४'' पूर्वी देशान्तर, सेती नदीवाट करिव ४० मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,०६,९३७.५० | रु. १८,६२,४३७.५० (अठार लाख बैसट्ठी हजार चार सय सैतीस रुंपैया पचास पैसा मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/- (दूई हजार रुंपैया मात्र) |

वोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक वेवसाईट www.bolpatra.gov.np मार्फत मिति २०८१/१२/०३ गते दिनको १२ वजेसम्म विद्युतीय माध्यमबाट हेर्न र पेश गर्न सकिनेछ। साथै विस्तृत जानकारीको लागि यस कार्यालयको website:**https://myagdemun.gov.np/** मा समेत हेर्न र कार्यालय समयभित्र फोन नं. ०६५-४००१०८ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

## पृष्ठ १ बाट क्रमशः

### नेपालको...

२४औं मिनेटमा म्यानमाले अर्को एउटा गोल गर्ने मौका गुमायो। ८ नम्बर जर्सीकी म्यानमाकी सान थ्वाले गरेको प्रहार नेपाली किपर एन्जिला झुक्किएको अवस्थामा विमला विकले विफल पारिन्।

खेलको ३५औं मिनेटमा नेपालले गोल गर्ने सुन्दर अवसर गुमायो। रेखा पौडेलको पासमा साम्बाको बल गोलकिपर मियो म्याम्याले बचाइन्। त्यसपछि नेपाली खेलाडीले गोलको प्रयास गरे पनि म्यानमाका डिफेन्डरले बल क्लियर गरिदिए। फेरि ४४औं मिनेटमा विमला विकको 'फ्रि किक'मा रेखा र साम्बाले गोल गर्ने अवसर खेरफाले। म्यानमाका डिफेन्डरसामु नेपाल फिक्का देखियो।

नेपाली महिला टिमले 'साफ महिला च्याम्पियनसिप'मा चारपटक भारत र दुईपटक बंगलादेशसँग गरी ६ पटक तथा दक्षिण एसियाली खेलकुद (साग)मा तीनपटक फाइनलमा भारतसँग पराजित भएको थियो। सन् २०१०, २०१२, २०१४ र २०१९ को महिला साफको फाइनलमा नेपालले भारतसँग हार बेहोरेको थियो। २ वर्षअघि सन् २०२२ मा र सन् २०२४ मा घरेलु मैदानमा भएको साफको फाइनलमा पनि नेपालले बंगालदेशसँग पराजय भोगेको थियो।

यस्तै, तीनपटकको दक्षिण एसियाली खेलकुद (साग)मा नेपाल दोस्रो स्थानमै खुम्चिएको थियो। सन् २०१०, २०१६ र २०१९ को साग खेलकुदको स्वर्ण पदकको भिडन्तमा नेपाल भारतसँगै पराजित भएको थियो। यस्तै, सन् २०१९ मा भारतमा भएको वुमन्स हिरो गोल्डकपमा म्यानमासँग, सन् २०१९ मै कीर्गिस्तानमा भएको नादेज्दा कपमा उज्वेकिस्तानसँग र गत वर्ष वेस्ट एसियन फुटबल फेडेरेसन (वाफ) वुमन्स फुटबल प्रतियोगिताको फाइनलमा जोर्डनसँग पराजित हुँदै उपाधिको मुखमै पुगेर रित्तो हात फर्किएको छ।

पछिल्लोपटक गत नोभेम्बरमा घरेलु मैदानमै नेपाल दक्षिण एसियाली फुटबल महासंघ (साफ) च्याम्पियनसिपमा बंगलादेशसँग पराजित भएको थियो। गत ५ फागुनदेखि काठमाडौंमा सुरु भएको प्रतियोगितामा नेपालसहित म्यानमा, कीर्गिस्तान र लेबनानले भाग लिएका हुन्। जसमा नेपाल र म्यानमा दुवैले लेबनान र कीर्गिस्तानलाई हराउँदै फाइनलमा स्थान बनाएका हुन्।

लिग चरणमा भएका तीन-तीन खेलमा दुई-दुई खेल जित्दै र एक बराबरी खेल्दै समान ७ अंक जोडेर दुवै टोली फाइनलमा पुगेका हुन्।

गोलअन्तरमा म्यानमा पहिलो र नेपाल दोस्रो हुँदै फाइनल पुगेका हुन्।

नेपालले कीर्गिस्तान र लेबनानलाई समान १-० ले पराजित गर्दा म्यानमाले लेबनानलाई ३-१ र कीर्गिस्तानलाई ५-० ले पाखा लगाएको थियो।

नेपाल र म्यानमाले लिग चरणको अन्तिम खेलमा २-२ को बराबरी खेलेका थिए। यो प्रतियोगिता एएफसी महिला एसियन कप र फिफा महिला विश्वकप छनोटको तयारीस्वरूप आयोजना गरिएको हो।

राजधानी आर्थिक

**सुन चाँदी**

छापावाल प्रतितोला - रू. १,७०,५००/-
चाँदी प्रतितोला - रू. १,९४०/-
(यो दर बुधबारको हो)

# ऋण उठाउन ३ अर्बको नागरिक बचतपत्र र ५० करोडको वैदेशिक रोजगार बचतपत्र निष्कासन

**राजधानी समाचारदाता**
काठमाडौं, १४ फागुन




सरकारले आन्तरिक ऋण उठाउने प्रयोजनका लागि ३ अर्बको नागरिक बचतपत्र र ५० करोड रुपैयाँको वैदेशिक रोजगार बचतपत्र निष्कासन गरेको छ ।

सरकारी ऋण उठाउन सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले बुधबार सूचना जारी गर्दै 'नागरिक बचतपत्र-२०८६' र 'वैदेशिक रोजगार बचतपत्र-२०८६' निष्कासनसम्बन्धी जानकारी गराएको हो ।

आगामी ५ वर्ष अवधिको नागरिक बचतपत्रमा ७ प्रतिशत र वैदेशिक रोजगार बचतपत्रमा साढे ८ प्रतिशत ब्याज उपलब्ध गराइने सो कार्यालयले जनाएको छ ।

यसमा सहभागी हुनका लागि यही १५ फागुनदेखि आगामी १५ चैतसम्म बचतपत्रको बिक्री खुला रहने र सो अवधिअगावै निष्कासित रकमबराबरको आवदेन परेमा बन्द गरिने सो कार्यालयले जनाएको छ । सो कार्यालयका अनुसार यी दुवै बचतपत्रमा सहभागी हुनेहरूको ब्याज हरेक अर्धवार्षिक रूपमा सम्बन्धित खरिदकर्ताको बैंक खातामा सोझै भुक्तानी हुनेछ ।

जसका लागि न्यूनतम १० हजार रुपैयाँ र बढीमा कुल निष्कासित रकमको सीमा नबढाई १० हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा खरिद गर्न सकिने सो कार्यालयले जनाएको छ । पहिलो आवेदन दिनेले पहिले खरिद गर्न पाउनेछन् ।

अझै यस्ता बचतपत्रमा गरिने लगानीबारे सर्वसाधारणलाई आवश्यक ज्ञान तथा जानकारी नहुँदा निष्कासन गरिएको रकमभन्दा न्यून आवेदन पर्ने गरेका छन् । यसअघि सो कार्यालयले गत १२ मंसिरदेखि निष्कासन गरेको वैदेशिक रोजगार बचतपत्र, २०८६ (क) मा करिब १२ प्रतिशत मात्र बचतपत्र खरिदका लागि आवेदन परेको थियो ।

सहज र सुरक्षित तवरले आकर्षक प्रतिफल दिने सरकारी उपकरण बचतपत्रको ब्याजदर अहिले बैंक तथा वित्तीय संस्थाले मुद्दती निक्षेपमा दिइरहेको ब्याजदरभन्दा दुईदेखि साढे दुई प्रतिशतले बढी भए पनि अझै मागबमोजिम आवेदन नपर्ने गरेको सो कार्यालयले जनाएको छ । यसमा सरकारले मूलधनको सुनिश्चित गरेको हुँदा सुरक्षित लगानी मानिन्छ ।

यसैगरी, बचतपत्रको ब्याज रकम हरेक ६/६ महिनामा खरिदकर्ताको बैंक खातामा सिधै जम्मा हुन्छ । यसलाई धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिन्छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सञ्चालन गर्ने डोम्स (डीओएमएस) प्रणाली र इन्भेस्टर पोर्टलमार्फत यी बचतपत्रको सहजै कारोबार गर्न सकिनेलगायत सुविधा हुँदासमेत अझै यस्ता बचतपत्रमा आकर्षण देखिएको छैन ।

सरकारले आन्तरिक ऋण उठाउने प्रयोजनका लागि ५० कररोडको वैदेशिक रोजगार बचतपत्र बिक्री गर्न लागेको हो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले ५० करोड रुपैयाँको वैदेशिक रोजगार बचतपत्र बिक्री तथा निष्कासनका लागि यस्तो सूचना निकालेको हो ।

वैदेशिक रोजगारीमा संलग्न वा मुलुकबाहिरको रोजगारीबाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारको नाममा बचतपत्र खरिद गर्न सक्नेछन् । वैदेशिक बचतपत्र २०८६ नाम दिइएको ऋणपत्र ५ वर्षमा परिपक्व हुनेछ । यो ऋणपत्र धितो राखेर ऋण लिन सकिन्छ भने ऋणपत्रको ब्याज अर्धवार्षिक रूपमा भुक्तानी हुनेछ ।

विगत लामो समयदेखि नै बजारमा चलेको ब्याजदरभन्दा उच्च प्रतिफल दिने गरी सरकारी ऋणपत्रका रूपमा वैदेशिक रोजगार बचतपत्र अगाडि सारे पनि त्यसमा अपेक्षाकृत आकर्षण देखिएको छैन ।

वैदेशिक रोजगारीमा गएकाले जोखिमबिना उच्च प्रतिफल पाउने लगानीको एउटा औजार हो वैदेशिक रोजगार बचतपत्र । वैदेशिक रोजगारीमा रहेका नेपालीलाई बचत गर्ने बानी विकास गर्ने र औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउन प्रोत्साहन गर्ने भन्दै नेपाल सरकारले वैदेशिक रोजगार बचतपत्र निष्कासन सुरु गरेको थियो ।

सरकारले आन्तरिक ऋण परिचालन गर्ने औजार र वैदेशिक रोजगारीमा रहेका नेपालीले पनि सुरक्षित लगानी गर्न सक्ने औजारका रूपमा वैदेशिक रोजगार बचतपत्र अगाडि सारेको थियो । विगतदेखि नै बजारमा चलेको ब्याजदरभन्दा उच्च प्रतिफल दिने गरी सरकारी ऋणपत्रका रूपमा वैदेशिक रोजगार बचतपत्र अगाडि सारे पनि त्यसमा अपेक्षाकृत आकर्षण नदेखिएको सो कार्यालयको तथ्यांकले देखाएको छ ।

आर्थिक वर्ष २०६६/६७ देखि चालू आवसम्म निष्कासन भएका वैदेशिक रोजगार बचतपत्रमध्ये औसतमा ४ दशमलव ९१ प्रतिशत मात्रै बिक्री भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकमा उल्लेख छ ।

पछिल्लो समय वैदेशिक रोजगारीमा रहेकालाई नै औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउन प्रोत्साहन गर्ने भन्दै धितोपत्रको प्राथमिक सार्वजनिक निष्कासन (आईपीओ) मा आरक्षणको व्यवस्था नै भएको छ ।

धितोपत्र दर्ता तथा निष्कासन नियमावली संशोधन गर्दै कुनै पनि कम्पनीले सार्वजनिक निष्कासन गर्न सर्वसाधारणलाई जारी हुने साधारण सेयरको १० प्रतिशत अनिवार्य वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि छुट्याउनुपर्ने व्यवस्था छ ।

# राष्ट्र बैंकले खिच्यो ३० अर्ब रुपैयाँ तरलता



**काठमाडौं/रास-** बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि नेपाल राष्ट्र बैंकले तरलता खिच्ने क्रम जारी राखेको छ । निक्षेप संकलन उपकरण बोलकबोलमार्फत ३० अर्ब रुपैयाँबराबर तरलता खिचेको हो ।

राष्ट्र बैंकले आगामी २१ दिनका लागि निक्षेप संकलन उपकरण बोलकबोलमार्फत तरलता खिचेको हो । बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि चालू आर्थिक वर्ष २०८१/८२ सुरुवातबाट नै राष्ट्र बैंकले निरन्तर तरलता खिच्दै आएको छ । निक्षेप संकलन दरमा स्थायी निक्षेप सुविधा दिएको राष्ट्र बैंकले निक्षेप संकलन उपकरण बोलकबोलमार्फत पनि तरलता खिचिरहेको जनाएको छ । आइतबार बोलकबोल हुने निक्षेप संकलन उपकरणको साँवा-ब्याज आगामी ३ चैतमा भुक्तानी हुनेछ ।

निक्षेप संकलन उपकरणको ब्याजदर बोलकबोलबाट तय हुनेछ । बोल गर्न सकिने रकम न्यूनतम १० करोड र बढीमा ५ करोड रुपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्म हुनेछ । बोलकबोलमा राष्ट्र बैंकबाट इजाजतप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामात्र सहभागी हुन पाउनेछन् ।

पछिल्लो समय बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि नेपाल राष्ट्र बैंकले तरलता खिच्ने क्रम जारी राखेको जनाएको छ । निक्षेप संकलन उपकरण बोलकबोलमार्फत आइतबार ३० अर्ब रुपैयाँबराबर तरलता खिचेको हो । पछिल्लो समय बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि चालू आर्थिक वर्ष २०८१/८२ सुरुवातबाट नै राष्ट्र बैंकले निरन्तर तरलता खिच्दै आएको छ ।

# पहिलोपटक पशु कृत्रिम गर्भाधान प्लान्ट निर्माण गरिँदै

**राजधानी संवाददाता**
सुर्खेत, १४ फागुन




कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पशु नश्ल सुधारअन्तर्गत 'तरल नाइट्रोजन प्लान्ट' निर्माण गर्न लागिएको छ । प्रदेशलाई दूधमा आत्मनिर्भर बनाउने उद्देश्यले कृत्रिम गर्भाधानका लागि आवश्यक तरल नाइट्रोजन प्लान्ट स्थापना गर्न लागिएको हो ।

मन्त्रालयका अनुसार चालू आवमा प्लान्ट स्थापना गर्न ४ करोड ८५ लाख रुपैयाँ बजेट विनियोजन भई निर्माण प्रक्रिया अघि बढेको छ ।

मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतले गत आवमा डीपीआर सम्पन्न भएको र यस वर्ष प्लान्ट स्थापना गर्ने गरी प्रक्रिया अघि बढाइएको जानकारी दिए । 'पशुहरूको वीर्य भण्डारण तथा कृत्रिम गर्भाधानका लागि तरल नाइट्रोजन प्लान्ट निर्माणको योजना बनाइएको छ,' उनले भने, 'गाई र भैंसीको नश्ल सुधार र उच्च गुणस्तरका पाडा र बाच्छा उत्पादन गर्ने उद्देश्यसहित प्रदेशमै पहिलोपटक प्लान्ट निर्माण हुँदै छ ।'

नश्ल सुधारका लागि हाल कर्णालीमा पशुको वीर्य बाहिरबाट ल्याउनुपर्ने बाध्यता छ । यसले गर्दा वीर्य महँगो र समय धेरै लाग्ने समस्या रहेको बताइएको छ ।

चाहेको समयमा सहज उपलब्ध पनि नहुने समस्या देखिएपछि सरकारले प्रदेशमै नाइट्रोजन प्लान्ट निर्माणको योजना अघि बढाएको हो मन्त्रालयले जनाएको छ । प्लान्ट पशुपन्छी विकास निर्देशनालय सुर्खेत परिसरमा निर्माण हुँदै छ । तरल नाइट्रोजन प्लान्टले बाहिरबाट ल्याइने उच्च जातका राँगा र साँढेको जमेको वीर्यलाई सुरक्षित राख्न र कृत्रिम गर्भाधान प्रक्रियामा प्रयोग गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

# सवारी सञ्चालनमा 'टाइम कार्ड'

**काठमाडौं/रास-** काठमाडौंको टोखाबाट नुवाकोटको छहरे-त्रिशूली हुँदै रसुवा र धादिङको विभिन्न गन्तव्यसम्म आवतजावत गर्ने सवारीसाधनमा 'टाइम कार्ड' लागू गरिएको छ ।

पछिल्लो समय सो रुटको सडकखण्डमा चल्ने सवारीसाधनबीच कसले अगाडिको गाडी उछिन्ने भन्ने प्रतिस्पर्धा हुँदा अहिले यस सडकखण्डमा दुर्घटना बढेको भन्दै 'टाइम कार्ड' लागू गरिएको हो । काठमाडौंको टोखाबाट नुवाकोटको त्रिशूली जोड्ने छोटो सडकखण्डका रूपमा रहेको छहरे-टोखामा पछिल्ला दिनमा दुर्घटना बढिरहेका छन् । सो रुटमा चल्ने सवारीसाधनका चालकहरूबीचको अस्वस्थ प्रतिस्पर्धाका कारण दुर्घटना बढेपछि स्थानीय र सरोकारवाला निकायले 'टाइम कार्ड' को व्यवस्था गर्न माग गर्दै आइरहेका थिए ।


**लिलाम विक्रीको लागि सिलाबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८१/११/१५**

निम्न उल्लेखित सवारी साधन **(न्यूनतम मूल्यः रु. ८७,१३६/-)** विक्रीको लागी गोप्य सिलाबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। अन्तिम मितिः २०८१/११/२२

Hero Moto Corp/Splendor Plus/ Baa 06.01. Pa 9323.

विस्तृत जानकारी www.cminepal.org बाट प्राप्त गर्न सकिने छ । समुदायिक सदस्यहित-कमिटेड, कमलादी सडक, काठमाडौं, फोन ०१५३५९७५९

**NATIONAL PABSAN को अत्यन्त जरुरी अपिल**

यस संस्थाका सबै संस्थापकहरूलाई केन्द्रीय कार्यकारिणी समितिको ८औं राष्ट्रिय महाधिवेशन एकै ठाउँमा, एउटै मितिमा, एउटै समयमा एजेन्डासहित सबै मिलिजुली गुट-उपगुट नबनाई एकजुट भई विधानअनुरूप राष्ट्रिय महाधिवेशन भव्यताका साथ सम्पन्न गर्नुहुन हार्दिक अपिल गर्दछु ।
सधन्यवाद !

शुभचिन्तक
**वसन्तबहादुर श्रेष्ठ**
संस्थापक अध्यक्ष
NATIONAL PABSAN
मो.नं. ९८१३२३६३१६

**सडक डिभिजन हर्कपुर, ओखलढुंगा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८१/११/१५

यस डिभिजनबाट मिति २०८१/०८/१४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. 06-RDHKR/2081/82 बमोजिम Bolpatra e-GP system मार्फत रीतपूर्वक प्राप्त भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | स्वीकृत बोलपत्रदाताको नाम | कबोल अंक रु. (भ्याट समेत) |
|---|---|---|
| RDHKR/33701138/2081/82-31 | M/s YATI-SC-BMB JV, Solukhumbu | 3,13,63,104.80 |
| RDHKR/33701138/2081/82-32 | M/s Shree Ganesh N.N. Nirman Sewa Pvt. Ltd., Bhaktapur | 2,37,23,428.66 |

डिभिजन प्रमुख

**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, कान्तिपथ शाखाको ३५ दिने सार्वजनिक सूचना ।।**

(प्रकाशित मिति : २०८१/११/१५)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना : |
|---|---|
| १. | नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय काठमाडौंमा प्रा.फ.नं. ३३२६९/८२६ कायम भई मिति २०६६/०९/०९ मा दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ मनमैजु स्थित **योनिसा ज्वेलर्स** । |
| | **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| १. | कृतिमान घतानीको छोरी, महेन्द्रलाल विश्वकर्माको श्रीमती, झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ०२ बस्ने **विष्णुमाया विश्वकर्मा** । |
| २. | भक्त बहादुर विश्वकर्माको नाति, गंगा बहादुर विश्वकर्माको छोरा, झापा जिल्ला, धरमपुर गा.वि.स./न.पा. वडा नं. ०५ बस्ने **महेन्द्र लाल विश्वकर्मा** । |
| ३. | गंगा बहादुर विश्वकर्माको नाति, महेन्द्र लाल विश्वकर्माको छोरा, झापा जिल्ला, दमक गा.वि.स./उ.म.न.पा. वडा नं. १० बस्ने **संजय कालीकोटे** । |
| ४. | गंगा बहादुर विश्वकर्माको नाति, महेन्द्र लाल विश्वकर्माको छोरा, झापा जिल्ला दमक गा.वि.स./उ.म.न.पा. वडा नं. १० बस्ने **विजय कालिकोटे** । |
| | **धितो सुरक्षणको विवरण :** |
| १. | **विष्णुमाया विश्वकर्माको** नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, दमक न.पा वडा नं. १० स्थित नक्सा सिट नं. १७३१५७५२ को कित्ता नं. ३९ र ७१५ को क्रमशः २३० र ९८ (वर्ग.मि) क्षेत्रफल रहेको जग्गा सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, स्तर निर्धारण तथा सम्बन्धन महाशाखा सानोठिमी, भक्तपुरको श्री सुसन पोलिटेक्निकल इन्ष्टिच्यूट प्रा.लि. का.म.न.पा.-०४, धुम्वाराही, काठमाण्डौको नाम परिवर्तन सम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना !**

दोस्रो पटक प्रकाशित मिति २०८१/११/१५ गते

यस परिषद् कार्यालयको मिति २०७३/०६/०५, २०७७/०४/०१ र २०७९/०१/०३ गतेको निर्णयानुसार छोटो अवधिको क्रमश Mason-320 hrs, Shuttering Carpenter-434 hrs, Bar Bender-390 hrs, Scaffolder-390 hrs, General Carpenter-460 hrs, Junior House Painter-390 hrs, Assistant Plumber-390 hrs, Junior Building Electrician-390 hrs, Assistant Welder-550 hrs/Mobile Phone Repairer-390 hrs, Motor Cycle Mechanic-390 hrs, Ref & AC Mec hanic-390 hrs, Aluminum Fabricator-408 hrs र Off-Season Vegetable Producer-390 hrs, Assistant Beautician- 390 hrs & Tailor- 390 hrs तालीम कार्यक्रमहरुको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री सुसन पोलिटेक्निकल इन्ष्टिच्यूट प्रा.लि. का.म.न.पा.-०४, धुम्वाराही, काठमाण्डौले संस्थाको नाम परिवर्तन गरी श्री वर्ल्ड नेट स्किल ट्रेनिङ्ग सेन्टर (World Net Skill Training Center Pvt.Ltd.) का.म.न.पा.-०४, धुम्वाराही, काठमाण्डौ कायम गराई पाँउ भनी पेश गरेको निवेदन माथि कारवाही हुदाँ यस परिषद् कार्यालयको मिति २०८१/११/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन सहमती/स्वीकृति प्रकृया अगाडी बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति विभिन्न १६ वटा छोटो अवधिका तालीम कार्यक्रम प्रति कोही कसैको हकदाबी विरोध गुनासो आदि भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि माग भई आए अनुसार संस्थाको नाम परिवर्तन भई नयाँ नाम श्री वर्ल्ड नेट स्किल ट्रेनिङ्ग सेन्टर (World Net Skill Training Center Pvt.Ltd.) का.म.न.पा.-०४, धुम्वाराही, काठमाण्डौ कायम हुने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

सम्पर्कका लागि
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८

**UAE मा रोजगारीको अवसर**

**कम्पनीः WE ONE**

Pre Approval Date: 2024/11/14 Chalani No. 60228009 LOT No. 313666 City: Park Du पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS | 100 | 0 | 800 | ३०,३४५/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८१/११/२२ गते (06 Mar. 2025) Kathmandu Head Office मा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**The River Overseas Pvt. Ltd.**
Govt. Lic. No. 406/060/061
Battisputali, Gaushala, Kathmandu, Nepal, Tel : +977-1-4562431, 4562432
Fax : +977-1-4562430, Cell : 9801247223, 9801247247, 9801247214, 9801247211
Email : admin@theriveroverseas.com, Web: www.theriveroverseas.com

**साउदी अरबमा रोजगार**

१. कम्पनीको नामः NDT Corrosion Control Services Co., Saudi Arabia

पूर्व स्वीकृति मितिः 03.10.2024 एल.टी. नं.# 311747 चलानी नं.: 60226207 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | 1000 | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | २१ दिन | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | बिदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा खर्च व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु.७००/- कामदारले तिर्ने | रु.१,५००/- कामदारले तिर्ने | निःशुल्क |

**अन्तरवार्ता: २२ फागुन २०८१ (6 March 2025)**
**अन्तर्वार्ता हुने स्थानः एस ओ एस मेनपावर सर्भिस प्रा.लि., धापासी, काठमाडौं ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी : १. आफ्नो नाममा भिषाप्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफूलाई कठिनाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४. विदेश जानु अघि अभिमुखीकरण तालिम अनिवार्य लिनु पर्नेछ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम गर्ने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ (एक) प्रति आफू संग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SOS MANPOWER SERVICE PVT. LTD.**
Gov.Lic.No.: 80/052/053
Dhapasi, Kathmandu,Near Hotel Shahenshaha
Email: info@sosgroup.com.np, www.sosgroup.com.np
Tel.(Hotline):+977-1-4965986/87, WhatsApp: 9802368332
आफ्नो बायोडाटा र अनुभवका कागजातहरू माथिको WhatsApp मा पठाउनु होला ।

# मुक्तिनाथले सीसीटीभी जडानमा सहयोग गर्ने

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत पत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको विकास बैंक)

**राजधानी समाचारदाता**
काठमाडौं, १४ फागुन

मुक्तिनाथ विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत दाङको तुलसीपुर उद्योग वाणिज्य संघले सञ्चालन गरेको 'सुन्दर तुलसीपुर, सुरक्षित तुलसीपुर अभियान' लाई साथ दिएको जनाएको छ।

सो कार्यक्रमअन्तर्गत तुलसीपुर बजार क्षेत्रमा हुन सक्ने आपराधिक गतिविधि तथा दुर्घटना न्यूनीकरण र पहिचान गर्न विभिन्न स्थानमा सीसीटीभी क्यामरा जडान गर्न बैंकले आर्थिक सहायोग गरेको छ।

उद्योग वाणिज्य संघको पहलमा सञ्चालित यसप्रकारको अभियानले समग्र तुलसीपुर बजारको सुरक्षा नियन्त्रण प्रणालीमा टेवा पुग्ने र स्थानीय जनतामा समेत सुरक्षाको प्रत्याभूति मिल्ने अपेक्षा गरिएको सो बैंकले जनाएको छ।

तुलसीपुर उद्योग वाणिज्य संघका अध्यक्ष विनय केसी, संघका अन्य पदाधिकारी र तुलसीपुर इलाका प्रहरी कार्यालयका प्रमुखको उपस्थितिमा सम्पन्न भएको सो कार्यक्रममा बैंकका तुलसीपुर शाखा प्रमुख सरोजकुमार लामिछानेले सहयोग रकम हस्तान्तरण गरेका थिए।

यसैगरी, बैंकले नेपालमै टिक्न सजिलो छ भन्ने नाराका साथ साना व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्न मुक्तिनाथ सरल कर्जा योजना ल्याएको जनाएको छ।

यस बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न प्रिपेड डलर कार्ड, मोबाइल बैंकिङ, क्यूआर कोड, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खातामै रेमिट्यान्स जम्मालगायत सेवाहरू उपलब्ध गराउँदै आएको सो बैंकले जनाएको छ।

# सार्वजनिक ऋण थपिएर जीडीपीको ४५ प्रतिशतभन्दा माथि

**राजधानी समाचारदाता**
काठमाडौं, १४ फागुन




सार्वजनिक ऋणको आकार थपिएर मुलुकको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ४५ प्रतिशतभन्दा माथि पुगेको छ। चालू आर्थिक वर्ष २०८१/८२ को बितेका ७ महिना माघ मसान्तसम्ममा पौने २ खर्ब रुपैयाँ ऋण थपिएपछि सार्वजनिक ऋण जीडीपीको ४५ दशमलव ७७ प्रतिशत पुगेको हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको पछिल्लो प्रतिवेदनअनुसार चालू आर्थिक वर्षको बितेका ७ महिना गत माघ मसान्तसम्ममा सरकारी ऋण कुल २६ खर्ब ११ अर्ब ६ करोड रुपैयाँ पुगेको छ। गत असार मसान्तमा सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब ९ करोड रुपैयाँ रहेकामा चालू आवको बितेका ७ महिनाको अवधिमा १ खर्ब ७६ अर्ब ९६ करोड रुपैयाँ थपिएको हो।

कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५० दशमलव ८७ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४९ दशमलव १३ प्रतिशत रहेको छ। आन्तरिक ऋण १२ खर्ब ८२ अर्ब ८१ करोड र बाह्य ऋण १३ खर्ब २८ अर्ब २५ करोड रुपैयाँ पुगेको छ।

समीक्षा अवधिमा अमेरिकी डलरको मूल्य वृद्धिलगायत विनिमय दरमा भएको परिवर्तनका कारण मात्रै चालू आवको बितेका ७ महिनामा ३६ अर्ब ५९ करोड रुपैयाँ दायित्व थपिएको सो कार्यालयले जनाएको छ।

सरकारले चालू आर्थिक वर्ष ५ खर्ब ४७ अर्ब सार्वजनिक ऋण उठाउने लक्ष्य लिएकामा २ खर्ब ९० अर्ब ५७ करोड रुपैयाँ उठाएको छ। जसमध्ये आन्तरिक ऋणतर्फ २ खर्ब २९ अर्ब १५ करोड रुपैयाँ र बाह्यतर्फ ६१ अर्ब ४२ करोड रुपैयाँ ऋण उठाइएको सो कार्यालयको तथ्यांकमा उल्लेख छ।

हरेक वर्ष यसरी सार्वजनिक ऋणको भार थपिएपछि मुलुकको दैनिक आर्थिक गतिविधि एवं खर्च सञ्चालनमा समेत प्रभाव पर्ने सम्बन्धित सरोकारवालाहरूले बताएका छन्।

उनीहरूले सरकारले जथाभावी रूपमा लिने गरेको ऋणको समयमै उचित सदुपयोग गर्न नसकेको अवस्थामा यस्तो सार्वजनिक ऋणको भार थप बढ्दै जाने र मुलुकको दैनिक खर्च सञ्चालन तथा व्यवस्थापन प्रणालीमा समेत गम्भीर प्रभाव पर्ने भएकाले थप ऋणको भारबाट बच्नका लागि सरकारले बेलैमा ध्यान पुऱ्याउनुपर्नेमा जोड दिएका छन्।

# दिपलको स्टेट-अफ-आर्ट सोरुम बुटवलमा

## एक्सचेन्ज आकर्षक अफरसहित टेस्ट ड्राइभ क्याम्पको सुविधा



**काठमाडौं/रास-** नेपालका लागि चांगान तथा दिपल ईभीको आधिकारिक बिक्रेता एमएडब्लू वृद्धि अटोकर्पले बुधबारबाट लुम्बिनीको बुटवलस्थित कालिकानगरमा दिपलको नयाँ सोरुम सञ्चालनमाा ल्याएको छ। एमएडब्लू वृद्धिले जेनस मोटर्समार्फत लुम्बिनी प्रदेशका ग्राहकलाई इन्टेलिजेन्ट र आकर्षक दिपल ईभीको फस्ट-ह्यान्ड एक्सपिरियन्स दिलाउन नयाँ सोरुम सुरु गरेको जनाएको छ।

दिपलको नयाँ सोरुमको उद्घाटन बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डे, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्याल, भैरहवा उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर श्रेष्ठ र जेनस मोटर्सका प्रबन्ध निर्देशक क्षेत्रकुमार श्रेष्ठले संयुक्त रूपमा गरेका हुन्। सोही अवसरमा संसारकै पहिलो ट्रान्सफर्मर एसयुभी दिपल ई०७ को बिक्री पनि सुरु गरिएको सो कम्पनीले जनाएको छ।

बुटवलमा नयाँ सोरुम खुलेको अवसर पारेर एमएडब्लू वृद्धिले भैरहवास्थित मौर्य होटलबाट बिहीबारबाट तीन दिनका लागि टेस्ट ड्राइभ द फ्युचर नाम दिइएको टेस्ट ड्राइभ तथा एक्सचेन्ज क्याम्प पनि सुरु गरेको जनाएको छ। यो अवधिमा लुम्बिनी प्रदेशका ईभीप्रेमीले दिपलका इन्टेलिजेन्ट ईभीहरू दिपल ई०७, दिपल एस०७ र दिपल एल०७ को टेस्ट ड्राइभ गर्न सक्नेछन्।

टेस्ट ड्राइभ क्याम्पमा ग्राहकले फ्री डाइमन्ड कोटिङ, फ्री ७ किलोवाट चार्जर र एसेसोरिज, आकर्षक क्यास डिस्काउन्ट र टप रिकन्डिसन हाउसबाट पुरानो गाडीको बेस्ट भ्यालुएसन र एक्स चेन्ज बोनस पनि पाउनेछन्।

# शिखरको २०औं वार्षिक साधारणसभा सम्पन्न




**काठमाडौं/रास-** शिखर इन्स्योरेन्स कम्पनीको २०औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। काठमाडौंको थापाथलीस्थित कम्पनीको केन्द्रीय कार्यालयमा सम्पन्न भएको सो साधारणसभाले आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तावित हाल कायम चुक्ता पुंजी २ अर्ब ६५ करोड ४९ लाख ४७ हजार ३ सय रुपैयाँको कुल १० दशमलव ५२६३ प्रतिशत लाभांश अनुमोदन गरेको छ। जसमा १० प्रतिशतले हुन आउने २६ करोड ५४ लाख ९४ हजार ७ सय २० रुपैयाँ बराबरको बोनस सेयर र कर प्रयोजनार्थ शून्य दशमलव ५२६३ प्रतिशतले हुन आउने १ करोड ३९ लाख ७३ हजार ४ सय ७ रुपैयाँबराबरको नगद लाभांश छन्।सो साधारणसभाले नियमावली र प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न सञ्चालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने तथा संशोधित प्रबन्धपत्र र नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सोहीबमोजिम गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पनि अनुमोदन गरेको जनाएको छ।

# नेपाल-इटाली वाणिज्य तथा उद्योग संघको साधारणसभा सम्पन्न

**राजधानी समाचारदाता**
काठमाडौं, १४ फागुन

नेपाल-इटाली वाणिज्य तथा उद्योग संघको ११औं वार्षिक साधारण सभा काठमाडौंमा सम्पन्न भएको छ। सो सभाले लगानी प्रवर्धन, पर्यटन क्षेत्रको विस्तार र नेपाल तथा इटालीबीचको व्यापारिक सम्बन्ध सुदृढ गर्ने प्रतिबद्धता पुनः पुष्टि गरेको जनाएको छ।

संरक्षक राजेश काजी श्रेष्ठको सहभागितामा सम्पन्न सो कार्यक्रममा संघका अध्यक्ष सञ्जय अग्रवाल, नेपालका लागि इटालीका मानार्थ वाणिज्य दूत प्रतिमा पाण्डे, संघका वरिष्ठ उपाध्यक्ष अरनिको राजभण्डारी, उपाध्यक्ष रुपक राजवंशी, उपाध्यक्ष मनोजकुमार ज्ञवालीलगायत प्रतिष्ठित संघ सदस्यहरूको उपस्थिति थियो।

संघका महासचिव मनोजकुमार श्रेष्ठ भँडेलले संघका विविध गतिविधीहरूबारे जानकारी गराएका थिए।

उनले नेपालको सांस्कृतिक, ऐतिहासिक तथा भौतिक सम्पदाको पुनर्निर्माणमा इटालीको दीर्घकालीन सहयोगप्रति आभार व्यक्त गर्दै नेपालको सम्पदा संरक्षणमा इटालीको योगदान महत्त्वपूर्ण रहँदै आएको जानकारी दिए।

उनले यो सहकार्य दुई देशबीचको मित्रताको स्थायी प्रतीकका रूपमा रहने विश्वास दिलाए।

११औं वार्षिक साधारण सभाको मुख्य आकर्षण नेपाल-इटाली आर्थिक सम्बन्धमा योगदान पुऱ्याउने व्यक्तित्व तथा संस्थाहरूको सम्मान थियो। नेपाल चेम्बर अफ कमर्शका पूर्वअध्यक्ष तथा संघका संरक्षक राजेशकाजी श्रेष्ठ र मानार्थ वाणिज्य दूत प्रतिमा पाण्डेलाई विशिष्ट सम्मानस्वरूप कदरपत्र प्रदान गरिएको थियो।

यसैगरी, अशंक समसेर जंगबहादुर राणा लाई २०२४ कालागि 'वर्षको उत्कृष्ट सदस्य' को रूपमा सम्मानित गरिएको थियो।

संघका अध्यक्ष अग्रवालले नेपाल-इटालीबीचको राजनयिक तथा आर्थिक सम्बन्धको लामो यात्राको चर्चा गरेका थिए।

नेपाल-इटाली वाणिज्य तथा उद्योग संघ ३१ अगस्ट १९५९ मा स्थापना भएको थियो। उनले नेपाल-इटालीबीच ६ दशकभन्दा बढीको व्यापारिक सहकार्यलाई सन्तुलित र दिगो रूपमा विस्तार गरिने लक्ष्यमा संघको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गरे।

# लक्ष्यभन्दा न्यून धान खरिद

**जनकपुर/रासस-** सरकारको स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधामले चालू आर्थिक वर्षमा लक्ष्यको तुलनामा निकै न्यून मात्र धान खरिद गरेको छ।

यसअघि बत्तीस हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य रहेको थियो। तर, ५ हजार ३ सय ४६ क्विन्टल धान मात्र खरिद गर्न सकेको सो कार्यालयले जनाएको छ। कार्यालयबाट प्राप्त विवरणअनुसार तोकिएको लक्ष्यको तुलनामा २६ हजार ६ सय ५४ क्विन्टल धान कम खरिद गरेको छ।

तोकिएको समर्थन मूल्यभन्दा बजार मूल्य अत्यधिक रहेकाले किसानले आफ्नो उत्पादन त्यहाँ बिक्री नगरेर निजी क्षेत्रका बजारमा बिक्री गरेकाले लक्ष्यअनुसार धान खरिद नभएको सो कार्यालयका प्रमुख देवेन्द्र राईले बताए।

सरकारले प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैयाँका दरले धान खरिद गर्न निर्देशन दिए पनि बजारमा करिब ४ हजार रुपैयाँ प्रतिक्विन्टलका दरले किसानले धान बिक्री गरेकाले सो कार्यालयले धान खरिद गर्न नसकेको उनले जानकारी दिए। सो कार्यालयले लक्ष्य प्राप्त गर्न चारवटा सहकारी संस्थासँग धान खरिद गर्ने सम्झौता गरे पनि स्थानीय किसान नआएकाले सो लक्ष्य प्राप्त नभएको सो कार्यालयका कर्मचारीले बताएका छन्।

जनकपुरको मुजेलियामा रहेको सो कार्यालयले गत २४ मंसिरदेखि कार्यालय हाताभित्र धान खरिदका लागि काँटा (धान खरिद केन्द्र) सुरु गरेको थियो। धनुषाका किसानबाट सो कार्यालयले यस वर्ष ३२ हजार क्विन्टल सोना मन्सुली धान खरिद गर्ने सूचना जारी गरेको थियो। सो कार्यालयका प्रमुख राईले यस वर्ष धनुषाका किसानबाट सोना मन्सुली प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैयाँका दरले यस्तो धान खरिद गर्न सरकारले समर्थन मूल्य तोकेको थियो।

**Sunkoshi Rural Municipality**
**Office of Rural Municipal Executive**
Okhaldhunga
Koshi Province, Nepal

**Invitation for Bids**

Date of publication: 2081/11/15 (27th Feb2025)
Invitation for Bids No: (Contract No:10/NCB/WSWORKS/SRM/2081-83)

1) The Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, has allocated funds towards the cost of Thadobari Gundabari kakani hudai palika sadarmukam, mulkharka, khanepani Youjana sunkoshi,5 and intends to apply part of the funds to cover eligible payments under the Contract for Thadobari Gundabari kakani hudai palika sadarmukam, mulkharka khanepani Youjana sunkoshi, 5 (Contract No: 10/NCB/WSWORKS/SRM/2081-83) Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2) Eligible Bidders may obtain further information and inspect the bidding documents atthe office of Sunkoshi Rural Municapility, Okhaldhunga, koshi Province nepalor may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3) Sunkoshi Rural Municipality, Okhaldhunga invites electronic bids from eligible bidders for the construction ofwater supply from kakani to mulkharka with construction of water tank and other water work as per drawing under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
4) Bidder submit their bid electronically may purchase, download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost NRs 5,000 till 2081/12/17(30th MAR.2025) during valid hours of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit/online deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Machhapuchchhre Bank Limited
Name of Office: Sunkoshi Rural Municipality
Name of Account: SUN GA.PA.AANTARIK RAJASWO GA-1.1
Rajaswa (Internal revenue) Shirshak Account no. : 0950073610000031
Office Code no.: 801011008 Revenue title : 14229
5) Pre-bid meeting shall be held at Sunkoshi Rural Municipality Office, Okhaldhungaat 8:00 AM on **20th March 2025 (2081/12/07).**
6) Electronic bids must be submitted to the office Sunkoshi Rural Municipality Office, Okhaldhunga through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon on **30rd March 2025 (2081/12/17).** Bids received after this deadline will be rejected.
7) The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 pm on **30rd March 2025 (2081/12/17)** at the Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Okhaldhunga. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
Information to deposit the bid amount in Bank:
Name of the Bank: Machhapuchchhre Bank, Mulkharka, Okhaldhunga
Name of Office: Sunkoshi Rural Municipality
Account Name: SUNKOSHI GA.PA.DHARAUTI GA-3
Dharauti Khata no. : 0950073610000045 Office Code no.: 801011008
8) Details of works.

**Details of works**

| S. N. | Contract Id No. | Description of Works | Bid Security Amount NRs. | Bid Fee Amount NRs | Remarks |
|---|---|---|---|---|---|
| 1 | 10/NCB/WSWORKS/SRM/2081-83 | Thadobari Gundabari kakani hudai palika sadarmukam, mulkharka, khanepani Youjana sunkoshi, 5 | 8,48,700/- | 5000.00 | |

9) The Employer reserves the right to accept or reject,wholly or partly. The employer reserves the right to accept or reject,wholly or party any reason, whatever.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**रक्षा मन्त्रालय**
**ईक्वाइन बृडिङ्ग सेन्टरको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण (Scoping) सम्बन्धी**

**सार्वजनिक सूचना**

**(प्रकाशन मिति : २०८१/११/१५)**

बागमती प्रदेश, चितवन जिल्ला, कालिका नगरपालिका वडा नं ८, शक्तिखोरमा स्थपति निर्देशनालय (DOS) , नेपाली सेनाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयार गर्न क्षेत्र निर्धारण (Scoping) गर्नुपर्ने भएकाले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४(२) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| प्रस्तावित आयोजना | विवरण |
|---|---|
| ईक्वाइन ब्रिडिङ्ग सेन्टर | १४० वटा ईक्वाइनको लागि ६ वटा तवेला निर्माण गर्ने, पहुँच मार्ग, ढल निर्माण, पार्किङ्ग, Shed House, Lunging Ground, Colic Box, Paddock, गोलघर, मेमोरियल पार्क, लगायत अन्य भौतिक संरचनाहरु। |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा आयोजना कार्यान्वयनका सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न कालिका नगरपालिका तथा त्यस क्षेत्रका विधालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४(२) बमोजिम अनुरोध गरिन्छ।

**राय सुझाव पठाउने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| स्थपति निर्देशनालय (DOS), नेपाली सेना, भद्रकाली, काठमाडौं<br>इमेल : sthapati@nepalarmy.mil.np<br>फोन नं : ०१-४२२०२२४ | एस.ए.एन. इन्जिनियरिङ एण्ड इन्भारोमेन्टल सोलुसन्स प्रा.लि., मनमैजु, काठमाडौं,<br>इमेल : sansolutions2015@gmail.com<br>फोन नं : ९८६१२९४२०० |

**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, कान्तिपथ शाखाको ३५ दिने सार्वजनिक सूचना ।।**

**(प्रकाशित मिति : २०८१/११/१५ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लेखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

साथै, उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ।

**तपसिलः**

| **ऋणीको नाम र ठेगाना :** |
|---|
| नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १४३८६०/०७२/०७३ कायम भई मिति २०७२/०९/२८ मा दर्ता भएको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ खुशिवु स्थित **शुभारम्भ मोर्डन एग्रो फार्म प्रा. लि.** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| फटिक प्रसाद धितालको नाती, भरत कुमार धितालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, पाल्लेखेत गा.वि.स/न.पा वडा नं. ०३ बस्ने **विनोद कुमार धिताल** । |
| फटिक प्रसाद धितालको नाती, भरत कुमार धितालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला पाल्लेखेत गा.वि.स/न.पा वडा नं. ०३ बस्ने **मनोजकुमार धिताल** । |
| छविलाल धितालको नाती, फटिक प्रसाद धितालको छोरा काभ्रेपलाञ्चोक जिल्ला पाल्लेखेत गा.वि.स/न.पा वडा नं. ०३ बस्ने **भरत कुमार धिताल** । |
| पूर्ण प्रसाद पराजुलीको छोरी, भरत कुमार धितालको श्रीमती, काभ्रे जिल्ला पाल्लेखेत गा.वि.स/न.पा वडा नं. ०३ बस्ने **गिता धिताल** । |
| अष्ट बहादुर श्रेष्ठको छोरी, दिलिप बाडेको श्रीमती ,काठमाडौ जिल्ला, काठमाडौ म.न.पा वडा नं. १६ बस्ने **अन्जनी श्रेष्ठ बाडे** । |
| सुर्य श्रेष्ठको छोरी, अष्ट बहादुर श्रेष्ठको श्रीमती, काठमाण्डौं जिल्ला काठमाण्डौ म.न.पा वडा नं. २९ बस्ने **लक्ष्मी श्रेष्ठ** । |
| फटिक प्रसाद धितालको नाती, भरत कुमार धितालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, पाल्लेखेत गा.वि.स वडा नं. ३ बस्ने **निरोज धिताल** । |
| **धितो सुरक्षणको विवरण :** |
| **भरत कुमार धिताल**को नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला काभ्रे म./न.पा/गा.वि. स. वडा नं. ०२ को कित्ता नं. १४७२ को ५-१०-१-३ (रो.आ.पै.दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०६९/०७०



## कम्बोडियातिर लागिन् 'मिस नेपाल पिस' विधि




'मिस ग्लोबल २०२५'मा नेपालको प्रतिनिधित्व गर्दै विधि लम्साल कम्बोडिया र थाइल्यान्डमा आयोजना हुने प्रतियोगिताका लागि कम्बोडियातर्फ लागेकी छन् । उनी 'मिस नेपाल पिस-२०२४'की विजेता हुन् ।

# पेरिस हिल्टन जेमा पनि फिट

**एजेन्सी**
लस एन्जलस, १४ फागुन

अधिकांश हलिउड सेलिब्रेटी विश्वभर लोकप्रिय छन् । यीमध्ये एक सेलिब्रेटी हुन्, पेरिस हिल्टन । उनले लगभग हरेक क्षेत्रमा हात हालेकी छन् । मोडेल, अभिनेत्री र गायिकासमेत रहेकी पेरिस व्यवसायी महिलाका रूपमा पनि लोकप्रिय छिन् । उनी अमेरिकी होटल चेन मालिक हिल्टन परिवारकी सदस्य हुन् र उनको नाममा करोडौंको सम्पत्ति छ ।

पेरिस हिल्टनको जन्म अमेरिकाको न्युयोर्कमा भएको हो । लस एन्जलसमा हुर्केकी उनी प्रसिद्ध अमेरिकी हिल्टन होटल चेनकी मालिक कोरिन हिल्टनकी नातिनी हुन् । आफ्नो करियर मोडलिङबाट सुरु गरेकी पेरिसलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एकपटक आफ्नो मोडलिङ एजेन्सीमार्फत मौका दिएका थिए । छोटो समयमै पेरिस मोडलिङको दुनियाँमा प्रसिद्ध भइन् । यसपछि ९० को दशकमा धेरै रियालिटी सो गरिन् । जसमध्ये 'द सिम्पल लाइफ', 'पेरिस हिल्टन माई न्यु ब्वायफ्रेन्ड', 'द वर्ल्ड अकर्डिङ टु पेरिस' र 'कुकिङ विथ पेरिस' समावेश छन् ।

त्यसो त, पेरिसले गायनमा पनि प्रयासस्वरूप एकल एल्बम निकालिन् र 'डिस्क जकी'का रूपमा पनि काम गरिन् । उनी केही हलिउड चलचित्रमा समेत देखापरिन् । सन् २००४ मा व्यवसायी महिलाका रूपमा सक्रिय हुन थालेकी पेरिसले आफ्नै नामको 'ब्रान्ड' र अत्तर सुरु गरिन् । त्यसपछि हलिउडको सबैभन्दा धनी सेलिब्रेटीमध्ये उनी एक बनिन् । अहिले उनी लगभग २ हजार ६ सय करोड अमेरिकी डलरकी मालिकनी छन् ।

यद्यपि, उनले आफ्ना हजुरबुबाबाट 'हिल्टन होटल चेन'को सम्पत्ति पनि विरासतमा पाएको भए उनको सम्पत्ति अझ बढी हुन सक्थ्यो । तर, हजुरबुबाले पेरिसलाई आफ्नो ५ अर्बबराबरको सम्पत्तिबाट बाहिर गरिदिए । यस्तो अवस्थामा पेरिससँग जेजति सम्पत्ति छ, त्यो उनले आफैंले कमाएकी हुन् ।

पेरिसले केही वर्षअघि आफ्नो यौन दुर्व्यवहारको कथा संसार सुनाएर साहसिक कदम चालिन् । उनले खुलासा गरिन् कि 'जब उनी किशोरी थिइन्, कसैले उनलाई लागूपदार्थ खुवायो र यौन दुर्व्यवहार गर्‍यो ।' यसबाट बाहिर आउन उनलाई धेरै वर्ष लाग्यो । उनी करियरकै कारण मात्र समाचारमा रहिनन्, 'सरोगेसी'मार्फत दुईपटक आमा बनेर पनि समाचारमा छाइन् । पेरिसका एक छोरा फिनिक्स र एक छोरी छन् । दुवै सरोगेसीमार्फत जन्मिएका हुन् ।



### १३औं नेपाल-अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव

# ३१ विधामा अवार्ड प्रदान

**राजधानी समाचारदाता**
काठमाडौं, १४ फागुन

गत शुक्रबारबाट सुरु '१३औं नेपाल अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०२५' ३१ विधामा अवार्ड प्रदान गर्दै सम्पन्न भएको छ । तीन दिनसम्म जारी महोत्सवमा नेपालसहित १७ देशका ४९ चलचित्र प्रदर्शन गरिए । तीमध्येबाट 'उत्कृष्ट चलचित्र एवं चलचित्रकर्मी'लाई पुरस्कृतसमेत गरियो । महोत्सवमा सर्वोत्कृष्ट अफ्रिकन चलचित्र अवार्ड दक्षिण अफ्रिकाबाट 'गुड मोदर', अफ्रिकन वृत्तचित्र अवार्ड क्यामरुनको 'जायद'ले पायो । अन्तर्राष्ट्रिय वृत्तचित्र अवार्ड भारतबाट देवेन्द्र जादव निर्देशित 'लोनी ट्युन्स', अन्तर्राष्ट्रिय चलचित्र अवार्ड बंगलादेशको 'सौदा', अन्तर्राष्ट्रिय लघु चलचित्रको स्पेसल मेनसन अवार्ड बेलायतको 'जेन्ट पपेट्स फर डिग्निफाइड मिन्सुरेसन्स' र अन्तर्राष्ट्रिय जुरी अवार्ड अर्जेन्टिनाको लघु वृत्तचित्र 'द टेम्पल अफ इटर्नल साउन्ड'ले जित्यो ।



अन्तर्राष्ट्रिय विधातर्फको निर्णायकमा दक्षिण अफ्रिकाबाट क्याथेरिन सोफियानोज, भारतबाट अंकित बाघ्छी, बंगलादेशबाट साहदत्त रुसेल र नेपालबाट निर्माता निर्देशक अभिनेत्री रोशनी केसी रहेका थिए । महोत्सवमा नेपालबाट ३० चलचित्र सहभागीमध्ये ७ कथानक थिए । जसमा सर्वोत्कृष्ट राष्ट्रिय चलचित्र अवार्ड 'छक्का पन्जा ५', यही चलचित्रबाट निर्देशकको जुरी अवार्ड दिपाश्री निरौलाले र सर्वोत्कृष्ट सहअभिनेताको अवार्ड केदारप्रसाद घिमिरेले पाए । सर्वोत्कृष्ट निर्देशक अवार्ड 'तेल भिसा'बाट शंकर घिमिरेले हासिल गरे भने 'तेल भिसा'बाटै सर्वोत्कृष्ट अभिनेता अवार्ड विपीन कार्कीले र सर्वोत्कृष्ट सहअभिनेत्रीको अवार्ड ऋचा घिमिरेले हासिल गरिन् ।

चलचित्रतर्फ स्पेसल मेनसन अवार्ड चलचित्र 'द्रौपदी'बाट ऋषिराज आचार्य, जुरी अवार्ड 'द्रौपदी'बाटै अश्विनी शाही, उत्कृष्ट नायिका अवार्ड 'ऐंचो पैंचो'बाट वर्षा राउत र 'ऐंचो पैंचो'बाटै कृषा चौलागाईंले सर्वोत्कृष्ट नवनिर्देशक अवार्ड हासिल गरे । नवअभिनेत्रीको अवार्ड 'संकल्प'बाट अनुष्का बुढाथोकीले पाइन् भने संगीतकार अवार्ड 'लन्डन टु पेरिस'को 'खुला आकाश...' गीतबाट संगीतकार हर्कुलेस बस्नेतले प्राप्त गरे । कथानक चलचित्र निर्णायकमा निर्देशक मिलन चाम्स, पत्रकार रघुनाथ सापकोटा र गायिका शोभा पाण्डे थिए ।

त्यस्तै, राष्ट्रिय विधामा उत्कृष्ट लघु चलचित्र अवार्ड 'द ट्री म्यान'बाट सन्तोष सुवेदी, लघुचलचित्रतर्फ नै उत्कृष्ट अभिनय अवार्ड 'नो स्मोकिङ प्लिज'बाट कृपा प्याकुरेल र स्पेसल मेन्सन अवार्ड 'नो स्मोकिङ प्लिज'बाटै भूपेन्द्रकुमार खड्काले प्राप्त गरे । म्युजिकल लघु चलचित्र र निर्देशक अवार्ड गीति चलचित्र 'तिमी आँसु रहेछौ'बाट सोनम पाखिन, सर्वोत्कृष्ट सांगीतिक चलचित्र अभिनेता अवार्ड 'भुल्नै गारो भो'बाट सनम कठायत, सांगीतिक लघु चलचित्रमै सर्वोत्कृष्ट अभिनेत्री अवार्ड पनि यही गीतबाट पवित्र शाँकी, सर्वोत्कृष्ट सांगीतिक चलचित्र गायक अवार्ड 'सँगै जुनी काटम्ला'बाट हेमन्त शिशिर र सांगीतिक लघु चलचित्र डान्स कोरियोग्राफर अवार्ड 'थिंक अबाउट यु'बाट रविता मगरले हासिल गरे ।

सर्वोत्कृष्ट वृत्तचित्र र निर्देशक अवार्ड 'डिजाइन्ड टु डिसापेयर'बाट शिव पुरीले हासिल गरे । 'डिजाइन्ड टु डिसापेयर'बाटै शिव पुरीले सर्वोत्कृष्ट सम्पादक अवार्ड पनि चुमे । राष्ट्रिय आदिवासी चलचित्र अवार्ड सागर केरुङ निर्देशित चलचित्र 'के २', लघु विद्यार्थी चलचित्र अवार्ड 'द स्कुल वाल'बाट मोहन अभिलाषीले पाए । यस वर्षको चलचित्र पत्रकार पुरस्कार विष्णुप्रसाद सुवेदीले प्राप्त गरे ।

कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेसन र विलक्षण क्रियसन प्रालिको आयोजना एवं चलचित्र विकास बोर्डको सहआयोजनामा महोत्सव सम्पन्न भएको हो ।




# तीन दिनअघि 'कतार ओपन' विजेता रुबलेभ 'दुबई ओपन'को पहिलो चरणमै पराजित

**एजेन्सी**
दुबई, १४ फागुन

'कतार ओपन' उपाधि जितेको तीन दिनपछि 'दुबई ओपन टेनिस प्रतियोगिता'को पहिलो चरणमा रुसी तेस्रो वरीयताका आन्द्रे रुबलेभ क्वालिफायर क्वेन्टिन हेलिससँग ३-६, ६-४, ७-६ (५) ले पराजित भएका छन् । 'विश्व नम्बर ७७' हेलिसको यो जित शीर्ष १० खेलाडीविरुद्धको पहिलो जित हो । उनले अब रोबर्टो बाउटिस्टा अगुटसँग प्रतिस्पर्धा गर्नेछन् ।



अर्को खेलमा शीर्ष वरीयता प्राप्त ड्यानिल मेदभेदवले जान-लेनार्ड स्ट्रफलाई ६-४, ७-६ (४) ले पराजित गरेका छन् । उनले अब जियोभानी एम्पेत्सी पेरिकार्डसँग प्रतिस्पर्धा गर्नेछन् ।

दोस्रो वरीयताका एलेक्स डे मिनाउर 'यूएस ओपन २०१४' च्याम्पियन' मारिन सिलिकसँग ६-२, ३-६, ६-३ ले पराजित भए । नुनो बोर्गेसले आठौं वरीयताका आर्थर फिल्सलाई ६-२, ६-१ ले पराजित गरे ।

दोस्रो चरणमा पुग्ने अन्य खेलाडीमा पाँचौं वरीयताका उगो हम्बर्ट, माटेओ बेरेटिनी, फेलिक्स अउगर अलिआसिमे र छनोट खेलाडी क्रिस्टोफर ओ'कोनेल समावेश छन् ।

# 'मान्छेको व्यथा'मा डुबिन् निशा



**राजधानी समाचारदाता**
काठमाडौं, १४ फागुन

महाशिवरात्रिको पूर्वसन्ध्यामा गायिका निशा देशारले आफ्नो स्वरमा नयाँ गीत 'मान्छेको व्यथा...'को भिडियो दर्शकमाझ ल्याएकी छन् । दर्शन भावमिश्रित आधुनिक गीतको भिडियो सोमबार राति एसियन म्युजिकको अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो ।


राजीव क्षेत्रीले लेखेको गीतमा जुगल डंगोलको संगीत सिर्जना रहेको छ । संगीत संयोजन पनि डंगोलले नै गरेका छन् । काठमाडौं पुतलीसडकस्थित आर्टोम्युज स्टुडियोमा रेकर्ड गरिएको गीतको भिडियो साधारण तर हेर्नलायक बनेको छ । गीतमा प्रस्तुत गरिएको मानवीय भावनालाई गायिका देशारले 'मोडल'का रूपमा मोहक भाव प्रकट गरेकी छन् । भिडियोमा उनको अभिनय सार्थक लाग्छ । वाद्यवादनसहित प्रत्यक्ष गायन (लाइभ) जनरामा तयार पारिएको गीतको भिडियोलाई विक्रम तामाङले निर्माण गरेका हुन् । जसमा सौगात धितालको छायांकन, सरिता थापा मगरको शृंगार, नहकुल खड्काको सम्पादन र विभोर पोखरेलको निर्देशन रहेको छ ।


## अरुणा इरानीलाई ह्वीलचेयरको सहारा



**मुम्बई/एजेन्सी-** अग्रज बलिउड अभिनेत्री अरुणा इरानी लडेर गम्भीर घाइते भएकी छन् । बैंककमा अचानक लडेकी उनको एउटा खुट्टा भाँचिएको छ । जसका कारण उनले केही समय पूर्ण आराम गर्नुपर्नेछ ।

खुट्टामा प्लास्टर गर्नुपरेका कारण उनले हिँड्नका लागि बैसाखीको सहारा लिनुपर्ने भएको छ ।




स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : सरोज मिश्र